अमेरिका आउन चाहनेका लागि डोनल्ड ट्रम्पले घोषणा गरे नयाँ 'गोल्ड कार्ड' | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २७३ • २०८१ साल फाल्गुन १५ गते विहीबार (27 February, Thursday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## फाइनलमा चुक्यो नेपाल

**टुडे समाचारदाता**

काठमाण्डु । अन्तरर्ाष्ट्रिय महिला फुटबल च्याम्पियनसीपमा नेपाली महिला फुटबल म्यानमारसित २-० गोल अन्तरले अन्तिम क्षणमा पराजित भएको छ। १३ औं पटक फाइनलमा नेपाली महिला टीम पराजित भएको हो ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा बुधबार भएको फाइनल खेलमा प्रभावशाली प्रदर्शन गरेको नेपाल ६२ औँ मिनेटमा गोल खाएसँगै पछाडि परेको थियो । पहिलो गोल गरेको दोस्रो मिनेटमै म्यानमारले अर्को गोल गरेपछि नेपाल उपाधिको खडेरी तोडेर उपाधिको इतिहास रच्ने मौका गुमाउन पुगे ।

समर्थकहरुले खचाखच भरेको घरेलु मैदानमा नेपाली टोलीले धेरै समर्थन पाएका थिए । पहिलो हाफसम्म बराबरीमा रहेको नेपाल दोस्रो हाफको अन्त्यमा लगातार दुई गोललाई रोक्न सकेन ।

पहिलो हाफमा गोल गर्ने अवसर गुमाएको नेपाली टोलीले फेरि मौका पाएन । म्यान्मारकी खेलाडी यू पर खियांगले ६१ औं मिनेटमा गोल हाने लगतै ६३ औं मिनेटमा सो ही टीमकी विंग थिंगयी टुनले दोस्रो गोल गरिन् ।

### नेपाल र भारतको सम्बन्धबारे अन्तर्राष्ट्रिय सेमिनार

# उद्योग, हाइड्रोपावर, पर्यटनलगायतमा लगानी गर्न आग्रह

**डा.ओपी यादव**

नयाँदिल्ली । 'नेपाल-भारत सम्बन्ध र क्षेत्रीय कूटनीतिः बल र अवसर' विषयक कार्यक्रममा भारतीय उद्योगी, व्यवसायीहरुका लागि नेपाल लगानीका लागि उपयुक्त गन्तव्य रहेको बताइएको छ ।




कार्यक्रममा प्रतिनिधिसभा अन्तर्गतको अन्तरर्ाष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिका सभापति राजकिशोर यादवले नेपाल र भारतबीचको सम्बन्ध अत्यन्त पुरानो रहेको र दुवै देश मिलेर विभिन्न क्षेत्रमा सहकार्य गर्ने अवसर रहेको बताएका छन् ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका उपाध्यक्षसमेत रहेका यादवले नेपाल र भारत दुवैले व्यापार, सीमापार व्यापार विस्तार, बजार पहुँच, पर्यटन प्रवर्द्धन, सांस्कृतिक आदानप्रदान र जनताबीचको सम्बन्धलाई सहज बनाउन द्विपक्षीय सम्बन्धलाई सुदृढ बनाउन सहयोग पुऱ्याउने कार्यक्रमहरु अगाडि बढाउनुपर्नेमा उनले जोड दिए ।

बौद्ध धर्म बौद्ध कूटनीतिको केन्द्रविन्दु बन्न सक्ने र यसले नेपाल र भारतबीच साझा बौद्ध सम्पदालाई बौद्ध सर्किटमार्फत जोड्न सकिने उनले बताए । 'बोधगया र लुम्बिनीसँग जोड्ने द्विपक्षीय सहयोगको ब्यापक सम्भावना रहेको छ ' उनले भने, यसका लागि बौद्ध सर्किटलाई अगाडि बढाउनु पर्छ ।

भारत सरकारले रामायण सर्किटको कार्यलाई धेरै अगाडि बढाइसकेको र बौद्ध सर्किटको क्षेत्रमा समेत कार्य गरिरहेको छ । रामायण सर्किटमा जनकपुरधाम र धनुषाधाम जोडिएको छ । बौद्ध सर्किटमा भगवान गौतम बुद्धको जन्मस्थली लुम्बिनी जोडिएको छ ।

बौद्ध सर्किटलाई सडक, रेलमार्ग र हवाई सञ्जाल बढाएर संयुक्त रूपमा विश्वव्यापी तीर्थस्थलको रूपमा प्रवर्द्धन गर्न सकिने भन्दै उनले यसले पर्यटनको माध्यमबाट राजस्वमा वृद्धि तथा दुबै देशका सांस्कृतिक सम्बन्ध र जनताबीचको सम्बन्धलाई पनि गहिरो बनाउने विश्वास व्यक्त गरे ।

'बुद्ध र रामायण सर्किट बाहेक महाभारत सर्किटको संयुक्त प्रवर्द्धन गर्ने अवसर पनि रहेको छ ' यादवले भने, महाभारत सर्किटको अवधारणा अगाडि बढाउनु थप प्रभावकारी हुनेछ ।

बुद्ध र रामायण सर्किट बाहेक महाभारत सर्किटको महत्व रहेको उनले औंल्याए । कार्यक्रमलाई सम्बोधन गर्दै उनले महाभारत सर्किटको अवधारणा अघि बढाउन प्रस्ताव राखेका छन् ।

'बुद्ध र रामायण सर्किट बाहेक महाभारत सर्किटको संयुक्त प्रवर्द्धन गर्ने अवसर छ ' उनले भने, यसको चर्चा तुलनात्मक रूपमा कम छ ।

महाभारत सर्किटको अवधारणाबारे चर्चा गर्दै सभापति यादवले भने, 'पाण्डवसँग सम्बन्धित काठमाण्डु उपत्यका वरपरका महाभारतमा उल्लेख गरिएका तीर्थस्थलहरू, नेपालको विराटनगरमा रहेको राजा विराटको दरबारलाई कुरुक्षेत्र, इन्द्रप्रस्थ र हस्तिनापुर जस्ता भारतीय सहरहरूसँग जोड्न सकिन्छ । यसले दुबै देशको अर्को साझा इतिहासको रूपमा काम गर्न सक्ने उनले बताए ।

'महाभारत सर्किटको अवधारणा अघि बढाउन दुई देश बीच औपचारिक र अनौपचारिक संयन्त्र, सरकारस्तर र जनस्तरमा सहकार्य आवश्यक छ' उनले भने, महाभारत सर्किटको अवधारणा अघि बढाउँदा यसले दुबै देशलाई आध्यात्मिक र सांस्कृतिक कूटनीतिका माध्यमबाट थप नजिक ल्याउने छ । यसका लागि नेपाल र भारत दुवैलाई पहल लिन उनले आग्रह गरे ।

यादवले भारतीय नागरिकहरूलाई नेपालमा लगानी गर्न समेत आग्रह गरेका छन् । 'जलविद्युत्, उत्पादनमूलक क्षेत्र, पर्यटनलगायतका क्षेत्रहरूमा नेपालमा लगानी गर्न सकिने पर्याप्त सम्भावना छ ' सभापति यादवले भने, दुई देशबीचको प्राचीन सम्बन्धलाई थप सुदृढ बनाउन उद्योग, व्यवसायको क्षेत्रमा पनि सहकार्य हुन आवश्यक छ ।

नेपाल, भारत र बंगलादेशबीच त्रिपक्षीय ऊर्जा सम्झौता भएको उल्लेख गर्दै यादवले भने, क्षेत्रीय सहयोगका लागि यसले बाटो प्रशस्त गरेको छ । उर्जा सम्झौताले साझा लाभका लागि दक्षिण एसियामा क्षेत्रीय सहयोगको नमूनाको रूपमा काम गर्न सक्ने विश्वास उनले व्यक्त गरे ।

नेपाली कांग्रेसका नेताहरु डा. प्रकाशशरण महत, अर्जुन नरसिंह केसी, एमालेका उपाध्यक्ष सुरेन्द्र पाण्डे, उपमहासचिव प्रदीप ज्ञवाली, राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति डा.स्वर्णिम वाग्ले पनि सो कार्यक्रममा सहभागी रहेका छन् ।

भारतीय विदेश मन्त्रालयको भारतीय विश्व मामिला परिषद्, बीपी कोइराला फाउन्डेसन, लुम्बिनी बुद्धिस्ट युनिभर्सिटी, बनारस हिन्दु विश्वविद्यालय, साउथ एसिया सेन्टर फर पिस रिसर्च एन्ड सस्टनेबल डेभलपमेन्ट र साउथ एसिया फाउन्डेसन नेपालले संयुक्त रूपमा आयोजना गरेको सो कार्यक्रम बिहीबार सम्म चल्नेछ ।

कार्यक्रममा नेपालबाट केही बौद्धिक र प्राज्ञिक व्यक्तित्वहरू सहभागी छन् । भारतबाट बौद्धिक तथा प्राज्ञिक व्यक्तिहरू सहभागी भए पनि नेपालबाट जस्तो राजनीतिक दलका नेताहरू सहभागी छैनन् ।

नेपालको तर्फबाट भारतका लागि नेपाली राजदूत डा.शङ्कर प्रसाद शर्मा, लुम्बिनी विश्वविद्यालयका उपकुलपति, डीन डा.मनिकरत्न शाक्य, रजिस्टार डा. तिलक राम आचार्य, प्रकाश सिंह कार्की, राजेन्द्र घिमिरे, शौरभ ज्योति सहभागी छन् ।

भारतको तर्फबाट भारतीय विदेश मन्त्रालयको भारतीय विश्व मामिला परिषद्का नूतन कपुर महावर, टिसिए राघवन, डा.एस.वाइ क्वीरेसी, अशोक कुमार कण्ठ, अभिजित हल्दरलगायतको उपस्थिति रहने बताइएको छ ।






# गायत्री महायज्ञ अन्तर्गत आज कलश यात्रा



**रञ्जन यादव**

बारा। बाराको जीतपुरस्थित बंगाली बाबा युगधर्म आश्रम केराढोकामा बिहीबार फागुन १५ गते देखि हुने ५१ कुण्डीय वेदात्मा गायत्री महायज्ञको सम्पूर्ण तयारी पूरा भएको छ । आयोजकले पत्रकार सम्मेलनको आयोजना गरी यस बारेमा बिस्तृत रुपमा जानकारी दिएको छ। महायज्ञको पहिलो दिन एक हजारभन्दा बढी संख्यामा कलश यात्रा निकालिने आयोजकले जनाएको छ।

१८ गतेसम्म सञ्चालन हुने महायज्ञमा हवन, जप, संगीत, प्रवचन तथा पुराण कथाका कार्यक्रमहरू रहने आयोजक जीतपुरसिमरा हिन्दू समाज तथा महायज्ञ प्रचार प्रसार समितिका अध्यक्ष सन्तोष कुशवाहाले जानकारी दिए।

उनले धार्मिक अनुष्ठानको उद्देश्य समाजमा आध्यात्मिक जागरण ल्याउनु, शान्ति स्थापनाको मार्ग देखाउनु तथा पुण्य लाभ प्राप्त गर्नु रहेको बताए ।

यज्ञ हवन भने फाल्गुन १६ गतेदेखि १८ गते सम्म हुने छ। हरेक दिन बेलुकी ८ बजेदेखि विशेष धार्मिक प्रवचन हुने बताइएको छ । सम्पूर्ण श्रद्धालु भक्तजनलाई उपस्थित भइ महायज्ञलाई सफल बनाउन आयोजक समितीका सचिव अमर यादबले पत्रकार सम्मेलनमा अनुरोध गरे। महायज्ञमा अवधि भरि कुल १२ लाख ९५ हजार रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ।

पत्रकार सम्मेलनमा मूल आयोजक समितिका अध्यक्ष सन्तोष कुशवाहा, उपाध्यक्ष श्रीराम साह कानु सचिव अमर प्रसाद यादव कोषाध्यक्ष राकेश गुप्ता ,नगर उद्योग वाणिज्य संघका महासचिव प्रकाश गिरी, महायज्ञ समितीका पुर्व अध्यक्ष शिवजी प्रसाद साह सोनार, समाजसेवी राजु राज गिरी, शेखर भन्डारी सहित अन्य पदाधिकारीहरूको उपस्थिति थियो । महायज्ञ अवधिभरी निःशुल्क भोजनालय( भण्डारा) को आयोजना गरिने आयोजकले जनाएको छ।

# पवित्र पाशुपत क्षेत्र नेपालमा रहनु समस्त हिन्दूका लागि गौरवको विषय हो: राष्ट्रपति



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले पवित्र पाशुपत क्षेत्र नेपालमा रहनु हाम्रा लागि मात्र नभई समस्त हिन्दूका लागि पनि गौरवको विषय भएको बताउनुभएको छ।

महाशिवारात्रि पर्व, २०८१ का अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति तथा समृद्धिको कामना गर्दै उहाँले भन्नुभयो, “नेपाल भूमिसँग भगवान् शिवको सम्बन्ध विभिन्न वैदिक ग्रन्थमा वर्णन गरिएको पाइन्छ । पवित्र पाशुपत क्षेत्र नेपालमा रहनु हाम्रा लागि मात्र नभई समस्त हिन्दूहरूको लागि पनि गौरवको विषय हो।”

उहाँले हाम्रो मुलुकका धेरै धार्मिक सम्प्रदायभित्र विद्यमान सनातन संस्कृतिमा शिवसँग सम्बन्धित आस्था र विश्वास निरन्तर प्रतिविम्बित भएको उल्लेख गर्नुहुँदै आराध्यदेव श्री पशुपतिनाथ एवं किरातेश्वर महादेवलाई साक्षात् शिवस्वरूप मानेर आस्था राख्ने विश्वभरिका श्रद्धालुहरूका लागि नेपाल सदैव आध्यात्मिक चिन्तनको केन्द्र रहिआएको बताउनुभयो।

“वैदिक परम्परामा शिवलाई मुलतः संहारका शक्ति मानिएको भएता पनि शिवशक्तिमा सौम्य तथा रौद्र दुवै स्वरूप समाहित छन्, जसले प्रकृतिको सृजनात्मक एवं संहारकारी शक्तिलाई बराबर प्रतिनिधित्व गर्दछन्”, उहाँले भन्नुभएको छ, “सौम्य शक्तिले मानव चेतनामा असल पक्षको बोध गराइ त्यसलाई मात्र ग्रहण गर्न उत्प्रेरित गर्ने भएकाले नै ‘सत्यं शिवं सुन्दरम्’ प्राचीन लोकोक्तिका रूपमा छ।”

रौद्र शक्तिले खराब रोजाइबाट उत्पन्न परिणामलाई दण्डित गर्दछ। यसरी मानव जातिले प्रकृतिसँगको असल सहकार्यबाट मात्र आफ्नो प्रगतिको बाटो रोज्नुपर्छ भन्ने तथ्यलाई हाम्रा अनेक सांस्कृतिक चाडपर्वजस्तै महाशिवरात्रिले पनि बेजोड रूपमा प्रकट गरिरहेको उहाँको भनाइ छ।

निर्जल व्रत, रात्रि जागरण, चार प्रहरको पूजा एवं शिव महिमा कीर्तन शिवरात्रि पूजाअर्चनाका मुख्य अङ्ग मानिन्छ भने शिवरात्रिको पालनाले योग र मोक्ष दुवैको प्राप्ति हुन्छ भन्ने धार्मिक विश्वास रहिआएको उहाँले बताउनुभयो।

“महाशिवरात्रीको यस पावन अवसरमा हामीले पाशुपत क्षेत्रसहित देशका विभिन्न भागमा रहेका सांस्कृतिक एवं धार्मिक सम्पदाहरूको यथोचित संरक्षण एवं संवर्द्धन गर्न प्रण गर्नुपर्छ”, उहाँले भन्नुभयो, “हामीले पाएका सम्पदालाई मौलिक स्वरूपमा भावी पुस्तासमक्ष हस्तान्तरण गर्नु हाम्रो दायित्व हो।

काठमाडौँ उपत्यकाको जलाधारका रूपमा रहेको बागमती नदीलाई स्वच्छ र सफा राख्नु हामी सबैको दायित्व हो।”

राष्ट्रपति पौडेलले महाशिवरात्री पर्व, २०८१ ले हामी सबैको जीवनमा आध्यात्मिक जागरणको नयाँ उज्यालो छर्न सकोस् भनी शुभकामना व्यक्त गर्नुभएको छ।रासस

# लहानमा अनलाइनबाट नागरिकता सिफारिस सेवा सुरु

गोलबजार। इलाका प्रशासन कार्यालय लहानले अनलाइनबाट नागरिकता सिफारिस सेवा सुरुआत गरेको छ। सूचना अधिकारी शशिकुमार चौधरीले ४० वटै वडा कार्यालयबाट नागरिकले सहज ढङ्गबाट त्रुटिरहित र जन्मदर्तासँगै नागरिकता विवरणमा एकरुपता ल्याउने उद्देश्यले यो सेवा सुरु गरेको जानकारी दिनुभयो।




गृह मन्त्रालयको योजनाअनुरुप वडा कार्यालयबाट अनलाइन प्रणालीमार्फत नागरिकता सिफारिस भएर आउँदा पहिलो दिन लहान नगरपालिका-१५ का अनुसा चौधरी र लहान नगरपालिका-१ का हेमशङ्कर साहुलाई नयाँ नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरिएको इलाका प्रशासन कार्यालयका प्रमुख गोकर्णराज सुयालले जनाउनुभयो। उहाँले भन्नुभयो, “वडामा अनलाइन दर्ता गर्दा केही कागजात अपुग भए अनलाइनमै इलाका प्रशासनले सच्याउन लगाउँछ। अनलाइन भइसकेका कागजात हेरेर नागरिकता दिने गर्छ।” विस्तारै कागज लिएर आउनु नपर्ने बनाउने कार्य भइरहेको उहाँले बताउनुभयो।

कार्यालयका अनुसार वडामा अनलाइन भरिसकेका सेवाग्राही कार्यालयबाट अब नागरिकता लिएर मात्र फर्किन्छन्। पहिलेजस्तो धेरैपटक दौडधुप गर्ने अब हुँदैन।

इलाका प्रशासन कार्यालय लहनाको कार्यक्षेत्रमा लहान नगरपालिका, भगवानपुर गाउँपालिका, सखुवानन्कारकट्टी गाउँपालिकाका सबै वडा र धनगढीमाई नगरपालिकाको वडा नं १२, १३ र १४ यस्तै लक्ष्मीपुरपतारी गाउँपालिकाका वडा नं २, ६ र नवराजपुर गाउँपालिकाको वडा नं १ रहेको कार्यालयले जनाएको छ।रासस

# ‘कार्यकारी पदका उम्मेदवारले सम्पत्ति विवरण बुझाउनुपर्छ’

काठमाण्डु। नेपाली काङ्ग्रेसका युवा नेताहरूले पार्टीको कार्यकारी पदमा उम्मेदवार दिनका निम्ति सम्पत्ति विवरण बुझाउनपर्ने विधानमा व्यवस्था हुनुपर्ने माग गरेका छन्।

नेपाल विद्यार्थी सङ्घले यहाँ बुधबार आयोजना गरेको अन्तरक्रियामा पार्टीको महाधिवेशन नजिकिँदै गर्दा युवा नेताहरूले जुनसुकै तह र क्षेत्रमा उम्मेदवारी दिन कार्य योजना प्रस्तुत गर्ने बाध्यकारी व्यवस्था हुनुपर्ने माग गरेका हुन्। चालीस वर्षभित्रका युवालाई ३० प्रतिशत प्रतिनिधित्व सुनिश्चितता हुनुपर्ने र युवासँगै विज्ञका निम्ति १० प्रतिशतसम्मको प्रतिनिधित्वको सुनिश्चित गराउन विधानमै व्यवस्था हुनुपर्ने मागसमेत गरेका छन्।

काङ्ग्रेस सहमहामन्त्री किशोरसिंह राठौरले पार्टीमा शुद्धीकरण आवश्यक रहेको बताउँदै नेता कार्यकर्ताले नैतिक मूल्य मान्यताअनुसार नचल्दा समस्या भएको दाबी गर्नुभयो। संविधानसभा सदस्य एवं काङ्ग्रेसका नेता रञ्जीत कर्णले आरक्षणमा नदोहोरिने व्यवस्था मिलाउन आग्रह गर्नुभयो।

अन्तरक्रियामा वडा तहदेखि संसद्सम्मको उम्मेदवार प्रस्तुत गर्न कार्यकालको कार्ययोजना अनिवार्य वैधानिक व्यवस्था गर्ने समानुपातिक निर्वाचन प्रणाली हटाई संसद् सङ्ख्या कम गर्ने र उम्मेदवारीमा समावेशीलाई पूर्ण रूपमा लागू गर्नेगरी व्यवस्था मिलाउन संविधान संशोधनमा पहल गर्ने प्रतिबद्धतासमेत व्यक्त गरिएको छ। रासस

# २६२औं सेना दिवस मनाइयो



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको सदरमुकाम जलेश्वरमा २६२ औं सेना दिवस भव्य रुपमा मनाइएको छ।

श्री मध्य पूर्वी पृतना हेड क्वाटरको आयोजनामा बुधबार जलेश्वरको रंङभूमी मैदानमा विभिन्न कार्यक्रम गरी सेना दिवस मनाइएको छ।

दिवसको अवसरमा नेपाली सेनाको फोटो प्रदर्शनी, निःशूल्क स्वास्थ्य शिविर, सांस्कृतिक कार्यक्रमका साथै, सेनाका विभिन्न गणहरुले कला कौशल प्रदर्शन गरेका थिए।

फोटो प्रदर्शनीमा सेनाले विपद र जोखिमको समयमा खेलेको भूमिकालाई दर्शाउने किसिमका तस्वीरहरु राखिएको थियो । प्रदर्शनीमा राखिएको उक्त तस्वीरहरुको अवलोकन गर्दै मधेश प्रदेशका प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले नेपाली सेनाको भूमिका सराहनीय रहेको भन्दै धन्यवाद व्यक्त गरेकी थिइन।

कार्यक्रममा सेनाका विभिन्न गणहरुले, तेक्वान्डो, मार्च पास, कमाण्डो भेहिकल मार्च, खुकुरी ड्रिल मास पिटि, साइलेन्ट ड्रिल पर्दशर्न गरिएको निमित पुतनापति सहायक रथी भुवन खत्रीले जानकारी दिए।


त्यस्तै, कार्यक्रममा थारु, मधेशी, किराती, नेवारीलगायत विभिन्न भाषाका लोक नृत्य पनि प्रस्तुत गरिएको थियो।

कार्यक्रममा मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री सरोज कुमार यादवले शिव धुनी प्रज्वलन गरेका थिए।

कार्यक्रममा मधेश प्रदेशका वन तथा वातावरण मन्त्री त्रिभुवन साह, शिक्षा तथा संस्कृति मन्त्री रानी तिवारी, मधेश प्रदेशका मुख्य सचीव मदन भुजेल, महात्तरी तथा सर्लाहीका विभिन्न पालिकाका नगर प्रमुखहरु , विभिन्न सरकारी कार्यालयका प्रमुखहरु, प्रदेश र जिल्लाका सुरक्षा निकायका प्रमुखहरु , धनुषाका प्रमुख जिल्ला अधिकारी राजु राम कडरीया, धनुषा प्रहरी प्रमुख भुवनेश्वर तीवारी, नेपाली सेनाका ९, २७ र २८ बाहिनीपति मधेश प्रदेशका आठवटै जिल्लालगायत सिन्धुली, रामेछाप र दोलखाका विभिन्न युनिटका युनिट पतिहरुको सहभागिता रहेको थियो।

# महाशिवरात्रिका दिन पशुपति क्षेत्रबाट ७५ जना पक्राउ

काठमाण्डु। महाशिवरात्रिको दिनबुधबारआराध्यदेवपशुपतिनाथ मन्दिर परिसरबाट प्रहरीले ७५ जनालाई पक्राउ गरेको छ।



पशुपतिनाथ क्षेत्रमा होहल्ला तथा अवाञ्छित गतिविधि गरेको आरोपमा ७५ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, “महाशिरात्रिका दिन आज पशुपतिमा निषेधित गरिएको चिज खाएर होहल्ला गर्ने, अवाञ्छित गतिविधि गर्ने ७५ जनालाई हामीले पक्राउ गरेका छौँ।”

पक्राउ परेकामध्ये केहीलाई प्रहरी वृत्त गौशाला र केहीलाई जिल्ला प्रहरी परिसर काठमाडौँमा राखिएको प्रहरीले जनाएको छ । बुधबार महाशिवरात्रिका दिन पशुपतिनाथ मन्दिर क्षेत्रमा प्रहरी उपरीक्षकको कमाण्डमा चार हजार दुई सय प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ।

पशुपतिनाथको दर्शनका लागि बुधबार बिहानैदेखि हजारौँ भक्तजनको भीड लागेको छ। भक्तजनको सुविधाका लागि विकास कोषले बिहान २ बजेदेखि पशुतिनाथका चारवटै ढोका खोलिएको र कम्तीमा १० मिनेटमा भक्तजनलाई दर्शन गर्न सक्ने व्यवस्था मिलाइएको पशुपति क्षेत्र विकास कोषका प्रवक्ता रेवतीरमण अधिकारीले राससलाई जानकारी दिनुभयो।

**अमेरिका पठाउने भन्दै करोडौं ठगी, तीन जना पक्राउ**

यसैबीच, वैदेशिक रोजगारीका लागि अमेरिका पठाइदिने भन्दै रु एक करोड ४४ लाख ५० हजार ठगी गरेको अभियोगमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा रुकुमपश्चिम मुसिकोट नगरपालिका-१ घर भई हाल ललितपुर महालक्ष्मी-४ बस्ने २४ वर्षीय मनिषराज खड्का, रुकुमपश्चिम मुसिकोट-२ घर भई हाल काठमाडौँ टोखा-३ बस्ने २७ वर्षीय मधुकुमार खड्का तथा रुकुमपश्चिम मुसिकोट-२ कै ३४ वर्षीय वीरेन्द्र खड्का रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “दुई जनालाई आकर्षक तलबको प्रलोभनमा पारी रोजगारीका लागि अमेरिका लैजाने भन्दै रु एक करोड ४४ लाख ५० हजार रकम लिई लामो समयसम्म झुक्यानमा राखी विदेश नपठाई ठगी गरी सम्पर्कविहीन भएको पीडितको उजुरीका आधारमा पक्राउ गरिएको हो । ” उनीहरूलाई उपत्यकाका विभिन्न स्थानबाट पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी परिसर भद्रकाली, पठाइएको सूचना अधिकारी आचार्यले बताउनुभयो।रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | बौद्धिकक्षेत्रमामानरसम्मानमिल्नेछ। |
| वृष : | धार्मिक कार्यमा सहभागी हुने योग छ। |
| मिथुन : | शरीरमा गर्मीका कारण लाग्ने रोगकले सताउने छ। |
| कर्कट : | प्राविधिक शिक्षाको लगानीबाट राम्रो फाइदा हुने दिन छ। |
| सिंह : | गला र कलाको प्रदर्शन गर्ने दिन छ। |
| कन्या : | धार्मिक कार्यको माध्यमबाट राम्रो आम्दानी हुनेछ। |
| तुला : | लामो समयदेखि रोकिएका काम सञ्चालन हुनेछन्। |
| वृश्चिक : | बोल्दा सोचेर बोल्नुपर्ने दिन छ। |
| धनु : | सामाजिक कार्यमा थालेको काम सफल बन्नेछ। |
| मकर : | पूर्वको लामो यात्रामा नजानु राम्रो हुनेछ। |
| कुम्भ : | सानो कुराले मनमा खटपटी बढ्नेछ। |
| मीन : | धर्म र संस्कार बुझ्ने मौका मिल्नेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




शिवरात्रीको अवसरमा जनकपुरधामको कपिलेश्वरनाथमा श्रद्धालु भक्तजनहरुको लागेको भिड । *तस्बिरः टुडे*

# सम्वाद समुह र क्लोथ बैंकले परिक्रममा संयुक्तरुपमा हेल्थडेक्स संचालन गर्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल-भारत खुला सीमा संवाद समूह र क्लोथ बैंक नेपालको संयुक्त आयोजनामा प्रत्येक वर्षझैं यस वर्ष पनि मिथिला मध्यमा परिक्रमा २०२५ अन्तर्गत श्रद्धालु भक्तजन, साधु-सन्त तथा नेपाल-भारतबाट आउने परिक्रमार्थीहरूको सुविधाका लागि हेल्पडेस्क सञ्चालन गरिने भएको छ।




सम्वाद समुह र क्लोथ बैंक नेपालका अध्यक्ष राजिव झाले दिएको जानकारि अनुसार शिविर फागुन १५ गते विहिबार हनुमाननगर, जनकपुरधामबाट उद्घाटन समारोहसहित प्रारम्भ हुनेछ । यात्राको क्रममा फागुन १८ गते मठियानी,फागुन १९ गते जलेश्वर,फागुन २० गते मडई,फागुन २१ ग्ते ध्रुवकुण्ड,फागुन २२ गते कञ्चनवन,फागुन २३ गते पर्वता,फागुन २४ गते धनुषाधाम,फागुन २५ गते सतोषर,फागुन २६ गते औरहीमा परिक्रमार्थीहरूको सहयोग को निम्ति हेल्प डेस्क संचालनमा रहने जनाइएको छ ।

परिक्रमाको सफल सञ्चालन र व्यवस्थापनका लागि ७ सदस्यीय ब्यबस्थापन तथा ५ सदस्यीय सल्लाहकार समिति गठन गरिएको छ ।

दीपक यादवको संयोजकत्वमा गठन गरिएको व्यवस्थापन समितिको सहसंयोजकमा रुबि झा रहेकी छन भने सदस्यहरुमा कृष्ण कुमार साह,धनेश्वर ठाकुर,मनिष ठाकुर र आदित्य झा रहेका छन् । त्यसैगरि सम्पुर्ण कार्यक्रमको मिडिया प्रभारीको रुपमा सम्वाद समुहका प्रवक्ता प्रमोद कुमार साहलाई चयन गरिएको छ ।

त्यसैगरि सल्लाहकारहरुमा राजीव झा,शैलेन्द्र झा,शिव शंकर साह,विभा ठाकुर,रामजी राय रहेका छन् ।

हेल्पडेस्क मार्फत परिक्रमार्थीहरूलाई आवश्यक सहयोग, स्वास्थ्य सेवा, सूचना तथा अन्य आवश्यक व्यवस्थापन गरिने छ। आयोजकहरूले भक्तजन तथा साधु-सन्तहरूको सुरक्षित र सहज यात्रा सुनिश्चित गर्ने प्रतिबद्धता जनाएका छन्।

# राष्ट्रिय मुक्ति पार्टीद्वारा एक वर्षमा पाएको उपलव्धी सार्वजनिक

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय मुक्ति पार्टी नेपालले विभिन्न समयमा गरेको गतिविधीहरुबाट पाएको उपलव्धी सार्वजनिक गरेको छ। पार्टीका अध्यक्ष राजेन्द्र महतोले फागुन १२ गते प्रस्तुत गरेको राजनैतिक प्रतिवेदनमा उल्लेख उपलव्धीहरुमा २०८० फागुन १४ गते देखि २०८१ असोज सम्म पार्टीले गरेको गतिविधी समावेस गरिएको छ।



सार्वजनिक गरिएको कार्यहरुमा वि.स.२०८० फागुन १२ गते सबै उत्पीडित समुदाय एकीकृत भएर संघर्ष गनुपर्छ भनेर राष्ट्रिय मुक्ति क्रान्तिको निम्ति सार्वजनिक आह्वान गरिएकोमा देश र विदेशमा यस आह्वानको पक्ष विपक्षमा व्यापक प्रतिक्रिया देखिएको र मुख्यतः सबै उत्पीडित समुदायमा नयाँ आशा र खुशी जगाएको उल्लेख गरिएको छ भने फागुन १६ गते माइतीघर मण्डलामा निषेधित क्षेत्र विरुद्ध प्रर्दशन,राष्टिय मुक्ति क्रान्ति अभियान सडकबाटै घोषणा गरिएको र पहिलो दिनमै संयोजक राजेन्द्र महतो घाइते भएकोमा यस घटनाले क्रान्ति अभियानलाई राष्टिय र अन्तराष्ट्रियस्तरमा घोषणा संगै चर्चाको विषय बनेको प्रतिवेदनमा उल्लेख गरिएको छ।

त्यसैगरि सोही वर्ष चैत २१ ग्ते हेटौडामा आदिवासी तामाङको विशाल जनप्रर्दशन गरिएकोमा तामाङ आदिवासी क्षेत्रहरुमा पार्टीको चर्चा बढेको र यसलाई तमाङ मुक्तिका लागि संघर्ष गर्ने वास्तविक पार्टीको रुपमा हेरिन थालिएको भनिएको छ भने चैत २४ गते काठमाण्डौमा नेवार,तामाङ सहित आदिवासीहरुको प्रर्दशन माइतीघरमा निषेधित क्षेत्र विरुद्ध ठूलो विरोध प्रर्दशन भएको र त्यसमा व्यापक पुलिस दमन एवम धरपकड गरिएकोमा कार्यक्रमका क्रममा लामा गुरु माथि व्यापक दमन भएको र ११ आन्दोलनकारीहरु गिरफतार गरिए भने यसै आन्दोलनको दबाबमा सरकारले निषेधित क्षेत्र हटाउन बाध्य भएको प्रतिविदनमा उल्लेख छ।

प्रतिवेदनमा वि.स. २०८१ वैशाख १७ गते माइतीघर मण्डेला काठमाण्डौमा सांस्कृतिक अतिक्रमण विरुद्ध सांस्कृतिक प्रतिरोध गरिएकोमा निषेधित क्षेत्र हटाएपछि गिरफतार बन्दीहरुलाई रिहा गर्न विभिन्न समुदायका सांस्कृतिक समूहहरुले माइतीघरमा लागातार प्रर्दशन गरेको थियो भने जेठ ५ गते काठमाण्डौमा आयोजीत पत्रकार सम्मेलनमा १०१ कार्यक्रमको योजना सार्वजनिक गरिएको र यस योजनामा संवादात्मक कार्यक्रम,प्रशिक्षण र ५ प्रमुख प्रर्दशन कार्यक्रमहरु तय गरिएको जसमा लालबन्दी,फेदीम र धरान मुख्य केन्द्र तोकिएकोमा कार्यक्रमलाई योजनावद्ध तरिकाले केही विशिष्ट उदेश्यहरुलाई ध्यानमा राखेर अगाडि बढाएको र संवादात्मक कार्यक्रमहरु मफर्त राष्टिय मुक्ति क्रान्तिको आवश्यकता औचित्य बुझाउने प्रयास गरिएको तथा यस प्रचारात्मक कार्यक्रम माफर्त सम्पूर्ण देशमा अभियानलाई अगाडि बढाउन सहयोग पुगेको उल्लेख छ।

> “प्रतिवेदनमा वि.स. २०८१ वैशाख १७ गते माइतीघर मण्डेला काठमाण्डौमा सांस्कृतिक अतिक्रमण विरुद्ध सांस्कृतिक प्रतिरोध गरिएकोमा निषेधित क्षेत्र हटाएपछि गिरफतार बन्दीहरुलाई रिहा गर्न विभिन्न समुदायका सांस्कृतिक समूहहरुले माइतीघरमा लागातार प्रर्दशन गरेको थियो”

जेठ २१ गते दाङमा सांस्कृतिक प्रतिरोध कार्यक्रमको आयोजना गरिएकोमा थारु,मगरका सांस्कृतिक समूहहरुले संयुक्त प्रर्दशन गरेको र मधेशी बाहेक थारु र मगर पहिचान सहित एकसाथ हुने सन्देश दिइएको थियो भने जेठ २९ गते बुर्टिबाङमा ढोरपाटनको मुद्दामा ठूलो प्रर्दशन गरिएकोमा मगर समुदायको पितृभूमिमा प्रतिबन्ध विरुद्धको व्यापक प्रर्दशनले पार्टीको मगर समुदायमा पहुँच बढाएको र मगरात क्षेत्रका जिल्लाहरुमा यसको सकारात्मक प्रभाव पारेको प्रतिवेदनमा उल्लेख छ।


जेठ २६ गते विराटनगरमा प्रदेश पुनः नामकरण र सीमांकनका लागि ठूलो प्रर्दशन गरिएकोमा पूर्वको नो कोशी आन्दोलनको प्रमुख स्टक होल्डरको रुपमा पार्र्टी स्थापित भएको र असार १ गते लालबन्दीमा पहडाी मधेशी एकता प्रर्दशन गरिदा अबको आन्दोलन संयुक्त रुपमा हुने सन्दैश दिइएको तथा साथै मधेश आन्दोलनसंग पहाड र पहाडसंग मधेश एकजुट रहने सन्देश दिइएको प्रतिवेदनमा लेखिएको छ।

त्यसैगरि जेठ १९ गते धरानमा ठूलो सडक मोटरवाईक प्रर्दशन गरिदा लिम्बुमान र मधेशलाई मिलेर अगाडि बढ्नुपर्ने सन्देश दिइएको जसले पार्टीमा ठूलो संख्यामा जनजातीय युवाहरु सामेल हुन प्रेरित गरिएको र जेठ १२ गते पाँचथर जिल्लाको फिदिममा प्रर्दशन एवम सभा सम्पन्न गर्दा लिम्बुमानको कोर क्षेत्र रहेको फिदिममा पार्टीको कार्यक्रमका कारण लिम्बुमानमा पार्टीप्रति विश्वास बढेको प्रतिवेदनमा भनिएको छ। असोज १ गते पार्टी निमार्णको घोषणा,राष्टिय मुक्ति क्रान्तिको कार्यदिशा र त्यसको पुरकको रुपमा क्रान्तिको नीति तथा योजनाको विस्तृत खाका पारित गरेकोमा केन्द्रिय समितिको बैठकबाट राजनैतिक पार्टी निमार्णको घोषणा र पार्टी एवमा संघर्ष तथा मुक्तिको योजनाको लागि बुद्ध छिरिङ मोक्तानद्वारा प्रस्तावित राष्टिय मुक्ति क्रान्तिको राजनीतिक कार्यदिशा र सन्तोष मेहताद्वारा प्रस्तावित राष्ट्रिय मुक्ति क्रान्तिको नीति एवम योजना प्रस्तावित एवम पारित गरिएको उपल्वधीको रुपमा लिएको राजनैतिक प्रतिवेदनमा उल्लेख छ।

उक्त कार्यक्रमहरुबाट राष्टिय मुक्ति पार्टी नेपालको दलको रुपमा गठन,पचिससय सदस्यीय महासभा गठन,केन्द्रिय समिति निमार्ण ७७ जिल्ला संयोजक चयन,पार्टी गठनमा विभिन्न जातीय र क्षेत्रीय समुहहरुको सहभागित सुनिश्चित भएको र राष्टिय मुक्ति क्रान्तिको आवश्यकता,नीति सिद्धान्तको व्यापक प्रचार प्रसार,क्रान्ति सम्बन्धी पुस्तिकाहरुप्रति व्यापक आकर्षण बढेको उल्लेख छ। कार्यक्रमले मधेशी र पहिचान पक्षधर समूहहरुको एकजुटता बढनुका साथै कार्यकुशलतामा वृद्धि गरिएको,विचारधार ,सिद्धान्त र कार्ययोजनालाई स्पष्टरुपमा निर्धारणका साथै भविष्यका योजनाहरु मजवुति दिएको प्रतिवेदनमा भनिएको छ।

काठमाण्डौमा सडक विस्तार र नदी क्षेत्र सीमा विवाद जस्ता मुद्दाहरुमा नेतृत्वको अवसर,विशेष गरी भुमि संस्कृति हस्तक्षेप विरुद्धका जनसंघर्षमा पार्टी र नेतृत्वप्रति आशा र विश्वास बढनुका साथै मधेशमा जलाइरहेको संविधानको असोज ३ गते पहिलो पटक काठमाण्डौमा नेवारहरुको बीचमा संविधान दहन गर्न सफल र मंसिर २ गते पूर्व नेपालका सबै पहिचानवादीहरुद्वारा विराटनगरमा ठूलो प्रर्दशन र राष्टिय मुक्ती पार्टीको अध्यक्षलाई प्रमुख वक्ताको रुपमा स्विकार्यता लगायतको असरहरु परेको प्रतिवेदनमा उल्लेख गरिएको छ।

# लक्ष्यको तुलनामा कम धान खरिद



जनकपुरधाम । नेपाल सरकारको स्वामित्वमा रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रादेशिक कार्यालय जनकपुरधामले चालु आर्थिक वर्षमा लक्ष्यको तुलनामा कम धान खरिद गरेको छ।

बत्तीस हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य रहेको थियो। तर पाँच हजार तीन सय ४६ क्विन्टल धानमात्र खरिद गर्न सकेको सो कार्यालयले जनाएको छ । कार्यालयबाट प्राप्त विवरणअनुसार तोकिएको लक्ष्यको तुलनामा २६ हजार छ सय ५४ क्विन्टल धान कम खरिद गरेको जनाइएको छ।

तोकिएको समर्थन मूल्यभन्दा बजार मूल्य अत्यधिक रहेकाले किसानले आफ्नो उत्पादन त्यहाँ बिक्री नगरेर निजी क्षेत्रका बजारमा बिक्री गरेकाले लक्ष्यअनुसार धान खरिद नभएको सो कार्यालयका प्रमुख देवेन्द्र राईले बताउनुभयो।

सरकारले प्रतिक्विन्टल रू तीन हजार पाँच सय ८० का दरले धान खरिद गर्न निर्देशन दिए पनि बजारमा करिब रू चार हजार प्रतिक्विन्टलका दरले किसानले धान बिक्री गरेकाले सो कार्यालयले धान खरिद गर्न नसकेको उहाँले जानकारी दिनुभयो । सो कार्यालयले लक्ष्यप्राप्त गर्न चारवटा सहकारी संस्थासँग धान खरिद गर्ने सम्झौता गरे पनि किसान नआएकाले सो लक्ष्य प्राप्त नभएको सो कार्यालयका कर्मचारीले बताएका छन्।

> कार्यालयका प्रमुख राईले यस वर्ष धनुषाका किसानबाट सोनामन्सुली प्रतिक्विन्टल रु तीन हजार पाँच सय ८० का दरले सो धान खरिद गर्ने सरकारले समर्थन मूल्य तोकेको थियो ।

जनकपुरको मुजेलियामा रहेको कार्यालयले कार्यालय हाताभित्र धान खरिदका लागि काँटा (धान खरिद केन्द्र) मङ्सिर २४ गतेदेखि सुरू गरेको थियो । धनुषाका किसानबाट कार्यालयले यस वर्ष ३२ हजार क्विन्टल सोना मन्सुली धान खरिद गर्ने सूचना जारी गरेको थियो। कार्यालयका प्रमुख राईले यस वर्ष धनुषाका किसानबाट सोनामन्सुली प्रतिक्विन्टल रू तीन हजार पाँच सय ८० का दरले सो धान खरिद गर्ने सरकारले समर्थन मूल्य तोकेको थियो।

धनुषाका सम्बन्धित स्थनीय तहको कृषि शाखाको सिफारिसमा तथा किसानले धान बिक्री गर्न ल्याउँदा धान सफा गरी कार्यालयले तोकेको मापदण्डअनुसारको हुनुपर्ने तथा धान बिक्रीको भुक्तानी चेकमार्फत हुने कार्यालयद्वारा जारी सूचनामा जनाइएको थियो। तर पटकपटक सूचना जारी गरे पनि किसान धान बिक्रीका लागि नआएको उहाँले भन्नुभयो।

कृषि ज्ञान केन्द्र कार्यालय धनुषा जनकपुरधामका अनुसार जिल्लामा यस वर्ष ४१ हजार पाँच सय ६६ हेक्टर क्षेत्रफलमा एक लाख ६६ हजार दुई सय ६० मेट्रिक टन धान उत्पादन भएको थियो। यसअघि सो कार्यालयको धान खरिदका लागि धनुषाका प्रमुख जिल्ला अधिकारी राजुराम कडरियाको अध्यक्षतामा जिल्ला प्राथमिक धान खरिद समितिको सम्पन्न बैठकबाट धान खरिद प्रक्रिया सुरू गरेको प्रमुख राईले जानकारी दिनुभयो । यस वर्ष सो कार्यालयले गहुँ खरिद गर्ने योजना बनाएको छ ।रासस

# नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्र निष्कासन

काठमाण्डु । सरकारी ऋण उठाउन सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले रु तीन अर्बको नागरिक बचतपत्र र रु ५० करोडको वैदेशिक रोजगार बचतपत्र निष्कासन गरेको छ।




कार्यालयले बुधबार सूचना जारी गर्दै ‘नागरिक बचतपत्र-२०८६’ र ‘वैदेशिक रोजगार बचतपत्र-२०८६’ निष्कासनसम्बन्धी जानकारी दिएको हो । पाँच वर्ष अवधिका नागरिक बचतपत्रमा सात प्रतिशत र वैदेशिक रोजगार बचतपत्रमा साढे आठ प्रतिशत ब्याज उपलब्ध गराइने कार्यालयले जनाएको छ । यहि फागुन १५ गतेदेखि आगामी चैत १५ गतेसम्म बचतपत्रका बिक्री खुला रहने र उक्त अवधि अगावै निष्कासित रकम बराबरको आवदेन परेमा बन्द गरिने जनाइएको छ।

यी बचतपत्रको ब्याज प्रत्येक छ महिनामा सम्बन्धित खरिदकर्ताको बैंक खातामा सोझै भुक्तानी हुनेछ। घटीमा रु १० हजार र बढीमा कुल निष्कासित रकमको सीमा नबढाई रु १० हजारले भाग गर्दा निःशेष भाग जाने अङ्कमा खरिद गर्न सकिने कार्यालयले जनाएको छ । पहिलो आवेदन दिनेले पहिले खरिद गर्न पाउनेछन्।

बचतपत्रमा गरिने लगानीबारे सर्वसाधारणलाई जानकारी रहुँदा निष्कासन गरिएको रकमभन्दा न्यून आवेदन पर्ने गरेका छन्। यसअघि कार्यालयले गत मङ्सिर १२ गतेदेखि निष्कासन गरेको वैदेशिक रोजगार बचतपत्र, २०८६ (क) मा करिब १२ प्रतिशत बराबर मात्रै बचतपत्र खरिदका लागि आवेदन परेको थियो।

सहज र सुरक्षित तबरले आकर्षक प्रतिफल दिने सरकारी उपकरण बचतपत्रको ब्याजदर अहिले बैंक तथा वित्तीय संस्थाले मुद्दती निक्षेपमा दिइरहेको ब्याजदरभन्दा दुईदेखि साढे दुई प्रतिशत बिन्दुले बढी हो । यसमा सरकारले मूलधनको सुनिश्चत गरेको हुँदा सुरक्षित लगानी मानिन्छ ।रासस

# राजदूत नेपालद्वारा स्पेनका राजासमक्ष ओहदाको प्रमाणपत्र पेस

लिस्बन । स्पेनका लागि नवनियुक्त नेपाली राजदूत शनिल नेपालले स्पेनका राजा फिलिप छैटौंसमक्ष ओहोदाको प्रमाणपत्र पेस गर्नुभएको छ । मङ्गलबार म्याड्रिडस्थित राजदरबारमा आयोजित विशेष समारोहकाबीच राजदूत नेपालले राजा फिलिपसमक्ष ओहोदाको प्रमाणपत्र पेस गर्नुभएको हो ।

ओहोदाको प्रमाणपत्र बुझाएपछि राजदूत नेपालले राजासँग केहीसमय शिष्टाचार भेटवार्ता गर्नुभएको थियो। भेटवार्तामा दुई मुलुकबीचको द्विपक्षीय सम्बन्ध, आपसी हित र चासोसहित सहयोग अभिवृद्धिका बारेमा छलफल भएको स्पेनस्थित नेपाली दूतावासले जनाएको छ।


राजदूत नेपालले राजा फिलिपसँगको भेटमा नेपालको परराष्ट्र नीतिको प्राथमिकता, विकासका योजना र कार्यक्रम तथा जलवायु परिवर्तनलाई सम्बोधन गर्ने प्रयासका बारेमा राजालाई अवगत गराउनुभयो । यसैगरी जलवायु परिवर्तनका कारण विश्वव्यापी रूपमा देखापरेका समस्या र वातावरणीय चुनौतीका सामना गर्न अन्तर ाष्ट्रियस्तरमा सहयोग र सहकार्यमा आवश्यक रहेको उहाँले जानकारी दिनुभयो।

भेटका अवसरमा राष्ट्रपति रामचन्द्र पौडेलको सन्देश सुनाउँदै राजदूत नेपालले राजा फिलिपलाई नेपाल भ्रमणका लागि आग्रह गर्नुएभएकामा राजा फिलीपले आफूले धेरै अगाडि नेपाल भ्रमण गरेको स्मरण गर्दै पुनः नेपाल भ्रमण गर्ने इच्छा व्यक्त गर्नुभएको राजदूत नेपालले राससलाई जानकारी दिनुभयो।

नेपालप्रति राजाले विशेष सद्भावका साथ चासो व्यक्त गर्नुभएको र नेपालको विषयमा खुलेर कुरा गर्नुभएको उहाँले जानकारी दिनुभयो। सो अवसरमा राजदूत नेपाललाई बधाई ज्ञापन गर्दै राजा फिलीपले सफल कार्यकालको शुभकामनासमेत दिनुभएको थियो।

त्यसैगरी राजदूत नेपालले स्पेनस्थित विदेश मन्त्रालयका दक्षिण तथा पूर्व एसिया हेर्ने उपमहानिर्देशकसँगसमेत भेटवार्ता गर्नुभएको थियो। उक्त समारोहमा राजदरबारका प्रोटोकल प्रमुख, विदेश मन्त्रालयका अधिकारी, नेपाली दूतावासका कर्मचारी र स्पेनिस सञ्चारमाध्यमका प्रतिनिधिको उपस्थिति रहेको दूतावासले जनाएको छ।

नेपालले गत महिना म्याड्रिड पुगेर राजदूतको जिम्मेवारी सम्हाल्नु भएको हो। कूटनीति, राजनीति, अन्तर्राष्ट्रिय मामिला, विकास र नीति निर्माणलगायतका विषयमा विज्ञका रूपमा काम गर्दै आउनुभएका नेपाललाई राष्ट्रपति रामचन्द्र पौडेलले गत मङ्सिर २८ गते राजदूतमा नियुक्त गर्नुभएको थियो। रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# मारमा किसान

भारतबाट नेपालमा धेरै वस्तुहरुको तस्करी हुने गर्छ । नेपालमा उत्पादन नहुने वस्तुहरु भन्सार काटेर आउनु पर्ने हो । तर अधिकांश मालसामानहरु तस्करी भएर आउने यथार्थ कसै सित लुकेको छैन । तस्करी हुनुको अनेक कारण छ । चर्को भन्सार शुल्कको कारण नेपालमा मालसामान महँगो हुने भएकाले तस्करीबाट ल्याइने गरिन्छ। तस्करीबाट नेपाल आउने मालसमानहरुसित नेपाली उत्पादन प्रतिस्पर्धा गर्न सक्दैन । स्वदेशकै उत्पादनले आत्मनिर्भर हुने उत्पादन पनि भारतबाट तस्करी भएर समान आउने गरेको छ । त्यसकारण नेपाली उद्योग अथवा कृषि उत्पादनको क्षेत्र लामो समय प्रतिष्पर्धा गर्न नसकेर धराशायी हुने गरेको छ । नेपालमा कुनै बेला धान चामल निर्यात कम्पनी थियो । तर अहिले धानचामल आयात भइरहेको छ । नेपाली उत्पादनलाई नेपाली बजार प्रवर्द्धन गर्न सरकारले विशेष ध्यान दिनुपर्नेमा तस्करीलाई मलजल गर्न तर्फ लागेको छ। राज्यको संरक्षणमा भइरहेको तस्करीले नेपाली उत्पादकहरु बाँच्न कठिन भइरहेको छ । नेपाली किसानहरुले निर्यात गर्ने धान चामल उत्पादन बढाउन नसक्नुको कारण सरकारी उपेक्षा नै हो । नेपालीहरु माछाको सौखिन मानिन्छन् । १२ महिना माछा खान्छन् । त्यसका लागि चाहिने माछा स्वदेशमै उत्पादन भइरहेको छ। नेपालको हरेक नदीनालामा स्वादिष्ट माछा पाइन्छ । पोखरीमा अनेक जातका माछाहरु उत्पादन भइरहेको छ। तर भारतबाट तस्करी भएर आउने माछाले नेपाली माछा उत्पादक किसानहरुलाई मारमा पारेको छ। भारतमा माछा लगायतका कृषि उत्पादनमा सरकारले ठूलो सहयोग उपलब्ध गराउँदै आएको छ। पर्याप्त सरकारी सहयोगले किसानहरुलाई उत्पादन बढाउन र सहज मुल्यमा बिक्री गर्न मर्का पर्दैन । भारतबाट सस्तो मुल्यमा आउने माछा बिना भन्सार नेपाली बजारमा बिक्री हुँदा नेपाली माछा उत्पादन किसानलाई मारमा पारेको छ। वीरगञ्जबाट ठूलो परिमाणमा माछाको तस्करी गर्ने तस्करहरुले नेपाली माछा व्यवसायीलाई पलायन गर्न बाध्य बनाएका छन् । तस्करहरुलाई राज्यको संरक्षण छ । किसानको पीडा बुझ्ने निकाय अगाडि नआउँदा प्रतिस्पर्धा गर्न कठिन भइरहेको छ। अर्को तर्फ भारतबाट आयात हुने माछामा मानव स्वास्थ्यका लागि अत्यन्त हानिकारक मानिएको फर्मालिनको प्रयोग गरिन्छ । मृत जीवलाई लामो समय सम्म गन्हाउन नदिन( ताजा) राख्न फर्मालिनको प्रयोग गरिन्छ। मानवको शवलाई लामो समयसम्म सुरक्षित राख्न फर्मालिनको प्रयोग गरिन्छ । त्यही फर्मालिन हालेर भारतको ओडिसाबाट माछा नेपालमा ल्याइने गरिन्छ। नेपालीको स्वास्थ्यसित खेलवाड गर्ने माछा तस्करहरुलाई सरकारले कारबाही गर्नुपर्छ । तस्करी भएर नेपाल भित्रिने फर्मालिन राखिएको माछाले नेपाली माछा उत्पादक किसानहरुलाई समेत धराशायी बनाइरहेको छ । त्यसको प्रमुख कारण भन्सार छलेर आउने भारतीय माछा हो। यस तर्फ सरकारले ध्यान दिन आवश्यक छ।

# पाठ्यक्रम बेगरको पढाइ, जीवनोपयोगी शिक्षाको पर्खाइ

शत्रूघ्न यादव


**पाठ्यक्रम किन चाहियो ?:**

पाठ्यक्रम शिक्षकका लागि र पाठ्यपुस्तक विद्यार्थीका लागि नभई नहुने शैक्षिक सामग्री हो तर तिनको अभावमा अध्ययन अध्यापनको आवश्यक व्यवस्थापन कसरी गरिएको छ ? खासगरी मधेश प्रदेशको सन्दर्भमा भन्नुपर्दा यदाकदा केहीं विद्यालय बाहेक स्थानीय पाठ्यक्रमको अभावमा निर्धारित विषयको पठनपाठन ठप्प प्रायः देखिएको छ।

शिक्षा वास्तवमा व्यवहारिक र जीवनोपयोगी हुनुपर्दछ तर यसको लागि निश्चित र सुदृढ आधार , प्रकृया , विषयवस्तु , डेलिभरीको स्तरीय ढाँचा हुनुपर्दछ जुन पाठ्यक्रमले निर्धारण गर्दछ । कुन उमेर ,अनुभव , क्षमता र स्तरका बालबालिकालाई के पढाउने , किन पढाउने, कसरी पढाउने , कति पढाउने तथा तोकिएको सिकाइ सक्षमता हासिल भयो कि भएन भनी लेखाजोखा गर्ने मुख्य खाकाको गतिशील दस्तावेज नै पाठ्यक्रम हो। शिक्षाको लक्ष्य हासिल गर्नका लागिबनाइएको शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भनिन्छ (राशिपयो,२०२८)। राष्ट्रिय रुपमा तहगत, कक्षागत र विषयगत हिसाबले आवश्यक ज्ञान सीप सिकाउन तथा चाहिएको जनशक्ति परि पूर्तीका लागि पाठ्यक्रम अपरिहार्य हुन्छ र यसको आधारमा पाठ्यपुस्तक तयार गरी विद्यार्थीको हात हातमा पुरयाउने गरिन्छ भने पाठ्यक्रम प्रत्येक विद्यालय र शिक्षकलाई चाहिन्छ। साथै समय परिवेश राष्ट्रिय आवश्यकता र अभिभावक , विद्यार्थीको चाहनाका आधारमा समय क्रमानुसार यो परिमार्जन भई रहन्छ जसबाट समसामयिक सामाजिक , साँस्कृतिक , आर्थिक , मानव संसाधनजन्य सम्बृद्धि हासिल गर्न सहयोग पुग्दछ ।अहिले 'स्वास्थ्य शिक्षा' भन्ने विषय फेरि माध्यमिक तहको पाठ्यक्रममा अनिवार्य विषयको रुपमा समावेश गरेर शिक्षा दिने आवाज उठिरहेको छ। यसैले यो एउटा परिवर्तनशील र गतिशील दस्तावेज हो र राष्ट्रको आवश्यकता र अन्तरराष्ट्रिय रोजगार बजारको माग अनुसार यो तत्कालै वा निश्चित समयको अन्तरालमा स्वाभाविक किसिमले परिवर्तन हुने गर्दछ।

यस आलेखमा राष्ट्रिय पाठ्यक्रम प्रारुप ,२०७६ मा आधारभुत शिक्षा कक्षा १-८ माव्यवस्था भएको स्थानीय पाठ्यक्रमको उपलब्धता,सोही अनुरुपको पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकाको व्यवस्था र सोको उचित पठनपठन सम्बन्धी विषयमा समसामयिक चर्चा गर्ने प्रयास गरिएको छ। पाठ्यक्रम शिक्षकका लागि र पाठ्यपुस्तक विद्यार्थीका लागि नभई नहुने शैक्षिक सामग्री हो तर तिनको अभावमा अध्ययन अध्यापनको आवश्यक व्यवस्थापन कसरी गरिएको छ? खासगरी मधेश प्रदेशको सन्दर्भमा भन्नुपर्दा यदाकदा केहीं विद्यालय बाहेक स्थानीय पाठ्यक्रमको अभावमा निर्धारित विषयको पठनपाठन ठप्प प्रायः देखिएको छ । जबकि शैक्षिक सत्र २०७७ देखि नै आधारभुत शिक्षा (कक्षा १-३)को पाठ्यक्रम,२०७६ लागु भयो ।यस बाट उक्त तहका विद्यार्थीले शिक्षण सिकाईमा बिताउनुपर्ने साप्ताहिक पाठ्यघण्टा ५ र बार्षिक १६० कार्यघण्टाको मूल्यवान् समय खेर गईरहेको दुःखद यथार्थ रहेको छ । यस अवस्थामा गुणस्तरीय तथा जीवनोपयोगी शिक्षाको आशा अपेक्षा अनन्तकाल सम्म पर्खाईको विषय नरहला भन्न सकिन्न ।हुन त गुणस्तर भन्ने कुरा सापेक्ष हुन्छ । आजको गुणस्तर सूचक भोलि परिमार्जन भई नयाँ स्थापित हुन जान्छ । तापनि योजनाबद्ध प्रयास आवश्यक हुन जान्छ जसका लागि पाठ्यक्रम अपरिहार्य हुन्छ।

स्थानीय पाठ्यक्रमको आवश्यकता :स्थानीय ज्ञान , सीप , पेशा , प्रविधि , व्यवसाय,कला, संस्कृति , सम्पदा , भूगोल , इतिहास , परम्परा , धर्म तथा मूल्य र मान्यता लगायतका स्थानीय महत्वका विषयवस्तु सम्बन्धी ज्ञान तथा सीप सिकाउनका लागि र सोको समुचित संरक्षण तथा प्रबर्धनका लागि स्थानीय प्रविधि र व्यवस्थापनमा नै विकास गरिने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ । केन्द्रीय निकायबाट निर्माण गरिने पाठ्यक्रमले सबै समुदाय , वर्ग , क्षेत्र , भाषा , संस्कृति , प्रविधि ,पेशा , धर्म तथा व्यवसायलाई समानरुपले पाठ्यक्रममा समावेश गर्न नसक्दा कतिपय आवश्यक र जरुरी महत्वका विषयहरु ओझेलमा पर्न सक्ने सम्भावना रहेकाले स्थानीय तवरबाट नै पाठ्यक्रम निर्माण गरी अध्ययन अध्यापनको व्यवस्था गरिएको हो। साथै संघीयताको




मर्म अनुरुप सबै वर्ग, क्षेत्र, समुदाय, लिंग, भाषा, संस्कृति धर्म, परम्परा, पेशा, व्यवसाय, प्रविधि, कला आदिको समानुपातिक,समावेशीपूर्ण र समतामुलक प्रतिनिधित्व तथा विकास र संलग्नताका लागि पनि स्थानीय पाठ्यक्रमको व्यवस्था र पठनपाठन उपयुक्त भएकोले अनिवार्य रुपमा यसको निर्माण र कार्यान्वयन हुनुपर्दछ।

स्थानीय पाठ्यक्रमको व्यवस्था र पठनपाठन प्राथमिक शिक्षा पाठ्यक्रम , २०४९ ले पहिलो पटक गरेको थियो । तत्कालिन अवस्थामा स्थानीय विषयरूमातृभाषा मध्ये कुनै एक विद्यालयले छनौट गरी साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णांकको आधारमा पठनपाठनको व्यवस्था गरेको थियो। त्यहाँ देखि निरन्तर र अझ विस्तृत रुपमा स्थानीय पाठ्यक्रम कार्यान्वयनमा ल्याइएको हो । स्थानीय पाठ्यक्रम विकास निर्माण र कार्यान्वयनका लागि पाठ्यक्रम विकास केन्द्रले पटक पटक साधन स्रोत र तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरेको हो तापनि यसको प्रयोग र व्यवस्थापन स्वस्फूर्त किसिमले हुन नसकेको बुझिन्छ। रापाप्रा,२०७६ ले प्राथमिकताका साथ आधारभुत शिक्षा (कक्षा १-३,४-५ र ६-८) मा स्थानीय पाठ्यक्रमको प्रावधान राखेको छ र स्थानीय तहले विकास निर्माण गरी प्रयोग गर्ने भनेर निर्देश गरेको छ। अन्तर्राष्ट्रिय सन्दर्भलाई हेर्दा इन्डोनेशियामा-२० प्रतिशत,लाओसमा-२० प्रतिशत,मंगोलियामा- २५ प्रतिशत,भियतनाममा-१५ प्रतिशत भार स्थानीय पाठ्यक्रमको अंश हुन्छ भने जापान,फिलिपिन्स,दक्षिण कोरियामा केन्द्रको निर्धारित मापदण्डको आधारमा विद्यालयले नै छनौट गर्दछ (स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन,२०७६)।

**विद्यालयमा स्थानीय पाठ्यक्रमको कार्यान्वयन अवस्था :**

आधारभुत शिक्षा कक्षा,१-८ को मातृभाषारूस्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विकास निर्माणको जिम्मेवारी र दायित्व स्थानीय तहको हो । यसका लागि रापाप्रा , २०७६ ले आधार तथा संरचना तय गरेको छ तर अधिकांश स्थानीय तहले उक्त पाठ्यक्रम बनाई नसकेको अवस्था विद्यमान रहेकोले विद्यालयहरु स्थानीय पाठ्यक्रम विहीन अवस्थामा रहेको छ । साथै यस्ता महत्वपूर्ण र अति आवश्यक शैक्षिक सामग्री नभएर उल्लिखित विषयको पठनपाठनको नाममा पुरानै तौरतरिका बाट विषय तथा पाठ्यपुस्तक चयन गरी पढाइएको अवस्था यद्यपि पनि देख्न सकिन्छ ।कुनै पालिकामा पालिकाको सतही निर्णय अनुसार एउटै विषयको पठनपाठन पुस्तकको आधारमा नै कक्षा १-८ सम्म हुन्छ भने कुनै पालिकामा विद्यालय पिच्छे नै फरक फरक विषयको पाठयपुस्तक अध्यापन भएको छ। मैथिली ,बज्जिका , कम्प्युटर , अंग्रेजी , संस्कृत , सामान्य ज्ञान , अतिरिक्त गणित(कक्षा ६-८) ,विज्ञान आदि विषयहरु अध्यापन भएको छ । कुनै विद्यालयले केहीं पनि नपढाई यतिकै खाली राखेको पनि पाइन्छ । केहीं स्थानीय तहले उक्त विषयको पाठ्यक्रम बनाएको छ तर त्यसलाई दराजमा सजाएर राख्ने काम मात्र गरेको छ , त्यसका आधारमा पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका तयार गरी गराई पठनपाठनमा ल्याइ नसकिएको अवस्था छ । थोरै मात्र पालिकाले आधारभुत शिक्षा कक्षा १-८ को मातृभाषारूस्थानीय विषयको स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गराई कार्यान्वयनमा ल्याएको पाइन्छ ।स्थानीय विषय वा मातृभाषाको अध्ययन अध्यापन स्थानीय विकास तथा सम्बृद्धिका लागि महत्वपूर्ण छ किनभने केन्द्रीय पाठ्यक्रममा समेटन नसकिएका र स्थानीय तवरबाट नसिकाई नहुने महत्वपूर्ण र सामुदायिक पुनःउत्थानमा योगदान गर्ने विषयवस्तुलाई स्थानीय विज्ञ तथा शिक्षक , अभिभावक , विद्यार्थी लगायतकासरोकारवालाको सहभागितामा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिन्छ। यसबाट पाठ्यक्रमप्रति अपनत्व पनि बढछ र उपलब्धिमुलक ढंगले पाठ्यक्रम कार्यान्वयन हुन्छ । साथै स्थानीय ज्ञान सिपलाई राष्ट्रिय रुपमा उजागर गर्ने काम हुन्छ भने स्थानीय तहमा पनि विज्ञताको विकास हुन्छ । यति महत्वपूर्ण र गम्भीर विषयप्रति सम्बन्धित सरोकारवाला उदासीन देखिन्छ।

**अब के गर्ने :**

स्थानीय पाठ्यक्रम चाहे मातृभाषाको होस या स्थानीय विषयको , पाठ्यक्रम अनिवार्य चाहिन्छ । पाठ्यक्रम बिना नै केबल पाठ्यपुस्तक बजारबाट छनौट गरी अध्ययन अध्यापन गराइयो भने त्यो गणतव्य बिनाको यात्री जस्तै हुन जान्छ । त्यसले शिक्षाको राष्ट्रिय उद्देश्य पुरा गर्न सक्दैन भने व्यवस्थित र सुनियोजित पठन पाठन तथा मूल्यांकन गर्न कठिनाई हुन्छ । बालबालिकाको सर्वांगीण र व्यवहारकुशल सिपहरु विकास गर्नका लागि कुनै योगदान गर्न असमर्थ हुन्छ र हामीले समृद्ध नेपाल र सुखी नेपालीको लक्ष्य भेट्न कठिन हुन्छ । तसर्थ जिम्मेवार निकायले अविलम्ब आफुलाई चाहिएको मातृभाषारूस्थानीय विषयको पाठ्यक्रम विकास निर्माणका लागि सार्थक पहल गर्नुपर्दछ।

यस कार्यमा पाठ्यक्रम विकास केन्द्रले नमूनाका लागि कतिपय भाषाका पाठ्यक्रम बनाएको छ। कम्तीमा क्षेत्रीय प्रतिनिधित्व हुनेगरी केहीं ठाउँको मातृभाषा बाहेकका स्थानीय विषयको नमुनापाठ्यक्रम निर्माण गरिदिनु पर्दछ। प्रादेशिक शिक्षा तथा संस्कृति मन्त्रालयले स्थानीय तहका पदाधिकारीका लागि बार्षिक रुपमा स्थानीय पाठ्यक्रमको आवश्यकता र औचित्य सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गर्नुपर्दछ जसबाट उनीहरुमा पाठ्यक्रमको आवश्यकता बोध भई निर्माणका लागि तत्परता र तदारुकता देखाउँछ साथै आवश्यक साधन श्रोत जनशक्तिको जोहो गर्दछ। त्यसैगरी प्रादेशिक हिसाबले पाठ्यक्रम सम्बद्ध बाध्यकारी नीति निर्माण गरी कार्यान्वयनमा ल्याउन सक्दछ । शिक्षा विकास निर्देशनालयले स्थानीय पाठ्यक्रम निर्माणमा सहयोग र पृष्ठपोषणका लागि विषयगत दक्ष व्यक्तिहरुको रोष्टर तयार गरी प्राविधिक सहयोग,स्थलगत अनुगमन र पृष्ठपोषण दिने कार्य गर्नु पर्दछ। शिक्षा तालिम केन्द्रले स्थानीय पाठ्यक्रम विकास निर्माण र पाठ्यपुस्तक निर्माण सम्बन्धी तालिमको व्यवस्था गरी सहयोग गर्न सक्दछ र उत्कृष्ट स्थानीय पाठ्यक्रम विकास गर्ने पालिकालाई प्रोत्साहनका लागि पुरस्कृत गरी कार्यसम्पादनमा तीव्रता ल्याउन सक्दछ। शिक्षा विकास तथा समन्वय इकाई , सहयोगी गैरसरकारी संस्था र सम्बद्ध पालिकाले संयुक्त वा एकल अनुगमन निरीक्षण गरी पठनपाठनको अवस्थामा अपेक्षित सुधार गरी निर्धारित सिकाई उपलब्धि हासिल गर्न योगदान गर्नुपर्ने हुन्छ। अभिभावक तथा विद्यार्थीले पनि उक्त विषयबारे आवश्यक चासो राख्नुपर्दछ र आवश्यकतानुसार पाठ्यक्रम कार्यान्वयनमा सहयोग गर्नुपर्छ।

# प्रकोप न्यूनीकरण-निर्मम आत्मसमीक्षा अत्यावश्यक



विश्वमणि पोखरेल

अहिले हिउँदको समय हो । पारिला घामको न्यानोमा आम जनसमुदायले जीवनयापन गर्ने मौसम हो । शिशिर ऋतुका माघ, फागुन सकिएपछि वसन्त बहारको समय आउँछ, चैत वैशाखको वसन्तीय सुगन्ध, बोटबिरुवामा नयाँ पालुवा पछि गृष्मका जेठ, असार र त्यसपछि वर्षा, अनि शरद्, हेमन्त हुँदै फेरि शिशिरकै आगमन हुन्छ । ऋतुहरुको यस्तो फेहरिस्त दिनाका कारण एउटै हो, प्रकृति चलयमान छन्, चञ्चल छन्, स्थिर छैनन् भन्नै अर्थमा हामीले लिनुपर्दछ भन्नु नै हो । हामी मानव जीवन, जीवजन्तु, वनस्पति सबै त्यहीँ प्राकृतिक नियममा चल्नुपर्ने हुन्छ, प्रकृति आफ्नो लयमा हुन्छ, हामी कहिले उसबाट पीडित हुन्छौँ, कहिले प्रोत्साहित हुन्छौँ, पल्लवित हुन्छौँ ।

सामान्य तथा जेठ दोस्रो सातादेखि असोज दोस्रो सातासम्मको पाँच महिनाको समय चुनौतीपूर्ण मानिन्छ नेपालका लागि । यो समयमा मनसुन भनिने वर्षा गराउने प्रणाली सक्रिय हुन्छ। मनसुन हाम्रो जीवन हो तर वर्षाको मात्रा र प्रवृत्तिअनुसार मनसुनबाट लाभ मात्र लिँदैनौं, यसले विनाश पनि उत्तिकै गर्दछ। यसै वर्षको असोज १० देखि १३ गतेसम्म परेको अधिक वर्षा र त्यसबाट सिर्जित बाढी, पहिरो र डुबानले मुलुकको राजधानी समेत तहसनहस हुनपुग्यो । मानवीय र भौतिक रुपमा ठूलो क्षति भयो। ती तीन दिनमा भएको क्षतिको यकिन आर्थिक, सामाजिक विवरण अहिलेसम्म आइसकेको छैन, अध्ययनहरु जारी रहेको बुझिन्छ । तीन दिनको वर्षाबाट सिर्जित बाढी, पहिरो र डुबानबाट करिब रु ४६ अर्ब ६८ करोडको क्षति भएको बताइँदैछ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको अध्ययनमा यस विपद्मा भौतिक पूर्वाधारतर्फ करिब रु ३९ अर्बको क्षति भएको छ र भौतिक पूर्वाधारमा भएको क्षतिको पुनर्निर्माणमा मात्र करिब रु २८ अर्ब लगानी आवश्यक हुने अनुमान छ। बिपी राजमार्गमा रोशी खोला र सुनकोशीले विशेष गरेर करिब आठ किलोमिटर सडक नराम्ररी भत्काएको हो। सडक विभागको अध्ययनअनुसार बिपी राजमार्ग पुनर्निर्माण गर्न खास गरेर आठ किमीका लागि करिब रु १० अर्ब बजेट अनुमान गरिएको छ।

तीन वर्षको तथ्याङ्कलाई मात्र लिएर हेर्दा हामी प्रत्येक वर्ष ठूलो सङ्ख्यामा मानवीय क्षति ब्यहोर्दैछौं र प्रत्येक वर्ष अर्ब मूल्यमा प्राकृतिक प्रकोपको मूल्य चुकाउँदैछौं । प्राधिकरणका अनुसार विगत तीन वर्षको क्षति हेर्दा २०७९ मा प्रकोपबाट ४८४ को मृत्यु, ३७ जना बेपत्ता बने भने सात हजार ५०२ परिवार प्रभावित बनेका छन्। यो वर्ष रु दुई अर्ब ८५ करोड ९९ लाख ३६ हजार ४०० मूल्य बराबरको क्षति भएको छ। २०८० सालमा ४९१ जनाको मृत्यु र ३१ जना बेपत्ताको सूचीमा छन्भने ८० हजार बढी परिवार प्रभावित बनेको देखिन्छ र पाँच अर्ब ४२ करोड १७ लाख ५२ हजार ४४४ मूल्य बराबरको क्षति भएको छ।

त्यस्तै यस वर्षको क्षति बितेका २ वर्षको तुलनामा अधिक छ। २०८१ कात्तिकसम्ममा ६४९ को मृत्यु भयो भने ६६ बेपत्ता छन्, १५ हजार बढी परिवार प्रभावित बनेको देखिन्छ । असोज महिना मात्र २७० को मृत्यु, १८ जना बेपत्ता भएका छन्भने करिब छ हजार २०० परिवार प्रभावित छन् ।

विगत तीन वर्षका मानवीय र अन्य क्षतिहरुको विवरणबाट स्पष्ट हुन्छ हामी बर्सेनि निकै ठूलो मात्रामा क्षतिहरु व्यहोर्दैछौं। के यो हाम्रो नियति हो ? प्रत्येक वर्ष विशेष गरेर वर्षाका बाढी, पहिरो र डुबान गरेर ५०० वा त्योभन्दा धेरै मानवीय क्षति व्यहोर्दै जानुपर्ने बाध्यता हो हाम्रो ? कि हामीले प्रकृतिको भाषा र भाकालाई आत्मसात् गर्दै जीवनयापन गर्न नसकेर यति ठूलो क्षति भोग्नु परिरहेको छ ? प्रकृतिको प्रकृति र प्रवृत्तिअनुसार हामी चल्न नसकेर, नजानेर क्षतिको ग्राफ उक्लिँदै गएको त होइन ? भन्ने प्रश्नहरुको जवाफ खोज्नुपर्ने भएको छ।

> काठमाडौं, पोखराको नक्सा त आजभन्दा २७ वर्षअघि बनेको हो । यसबाहेक बुटबल, भरतपुर, धरान, वीरेन्द्रनगर, सुर्खेत, महेन्द्रगर, वीरगञ्ज, जलेश्वर, भद्रपुर, टीकापुर ३१ वटा सहर बजारको प्रकोप नक्सा विभागले बनाएको छ । ती नक्साहरुको व्यावहारिक प्रयोग भयो त ? भएको छैन । कतिपय पालिका नक्साबारे बेखबर छन्भने कतिपय नक्सा कार्यान्वयनको पक्षमा देखिएका छैनन् ।

प्रकृतिको भाषालाई प्रशासनिक चस्माले मात्र हेरिएकाले यस्तो समस्या आएको त होइन ? कतै शासकीय कमजोरी, अव्यवस्थापन, भौतिक विकासमा गरिने हेलचेक्र्याइँका कारण हामी पीडित बनिरहेका त होइनौं ? बृहत् विवेचनाको आवश्यकता खड्किएको छ र प्रकोप न्यूनीकरणसँग सम्बन्धित पक्ष र सरोकारवालाहरुले निर्मम आत्मसमीक्षा गर्न टड्कारो बन्दै गएको छ।

बिपी राजमार्गमा वर्षाले धेरै क्षति गर्‍यो तर कतिपय स्थानमा खोला मिचेर सडक बनाएको होइन र ? खोला किनाराका घरहरु भत्किए ? खोलाको दोष कि खोलाको किनारामा घर बनाउनेको अल्पज्ञान दोष ? राजधानीमा विकासका नाममा जताततै सडक बनाइए, पानी निकासको उचित प्रबन्ध गरिएन ? एकातिर भूक्षय अर्कोतर्फ मानव सिर्जित फोहरमैला नदीमा फाल्ने प्रवृत्ति र नदीको बहाव क्षेत्र सीमित गर्ने यावत् कर्मले नदीको सतह उचालियो, बाढी आउँदा पानी मानव बस्तीमा पस्यो ? यी यावत् प्रश्नहरु हामी आफैँले सिर्जित गरेको होइन ? अब उत्तर खोजिनु पर्दछ। होइन भने बर्सेनि ठूलो सङ्ख्यामा मानवीय क्षति, अर्बौंका क्षति हुने र पुनर्निर्माणका नाममा झन् ठूलो धनराशि खर्चनुपर्ने सिलसिला बढ्दै जाने खतरा सामुन्ने छन् ।

प्रकोप निर्मूल गर्न सम्भव छैन, हाम्रो भूखण्ड नै प्रकोपमूलक भएकाले। तर, प्रकोप न्यूनीकरण गर्न सकिन्छ, अब ध्यान त्यतातिर केन्द्रित हुनुपर्दछ। सरकारका तीन तह सङ्घीय, प्रदेश र स्थानीय तहबीच योजनाबद्ध, कार्यगत समन्वयन र सहकार्य हुनसक्यो भने अहिले भइरहेको क्षतिमा व्यापक सुधार गर्न सकिन्छ। सङ्घीय सरकारले नीतिगत व्यवस्था गर्ने र सबै पालिकाहरुले आफैँले प्रकोपजन्य जोखिम न्यूनीकरण गर्ने योजना बनाउन सक्छन्, जुन प्रभावकारी बन्नसक्छ। यसका लागि स्थानीय तहहरु आफैँले आफ्ना पालिकाहरुको प्रकोप नक्सा बनाउने र त्यहीँ नक्साका आधारमा भौतिक पूर्वाधार, बसोबासका योजनाहरु सञ्चालन गर्ने परिपाटी बन्यो भने अहिले भइरहेका क्षति स्वतः घट्ने हुन्छ। प्रकोप नक्सा बनाउने प्रविधि र जनशक्ति नेपालमा उपलब्ध छ। पालिकाहरुको क्षेत्रफल, भूबनोट, भूगर्भ, खोलानालालगायत आधारमा नक्सा बनाउन चार/पाँच लाखदेखि बढीमा रु ३०/३५ लाख लाग्न सक्ने जानकारहरु बताउँछन् । यो रकम पालिकाहरुले आफ्नै स्रोतबाट गर्न सक्छन्।

प्रकोपका घटनाको सामना गर्नुभन्दा प्रकोप न्यूनीकरण गर्ने उपाय अवलम्बन गर्नु बुद्धिमानी हो । नक्सा बनिसकेपछि नक्साकै आधार मानेर बस्ती विकास, पूर्वाधार विकास, खानेपानी, फोहर व्यवस्थापनलगायत काम गर्न सकिन्छ। जग्गा कारोबारीको चाहनाअनुसार जथाभावी बाटो निर्माण गर्ने प्रवृत्तिमा नियन्त्रण गर्न नक्सा सहयोगी हुन्छ। हामीहरु भइरहेका प्रकोप नक्साको प्रयोग पनि गरिराखेका छैनौँ, गर्न सकेका छैनौँ। खानी तथा भूगर्भ विभागले कतिपय प्रमुख सहर बजारहरुको प्रकोप नक्सा बनाएको छ। त्यस्तै पहिरोको खतराहरु कहाँकहाँ, कुन रुपमा छन् भन्ने नक्सा पनि विभागमा तयार छ । काठमाडौं, पोखराको नक्सा त आजभन्दा २७ वर्षअघि बनेको हो। यसबाहेक बुटबल, भरतपुर, धरान, वीरेन्द्रनगर, सुर्खेत, महेन्द्रगर, वीरगञ्ज, जलेश्वर, भद्रपुर, टीकापुर ३१ वटा सहर बजारको प्रकोप नक्सा विभागले बनाएको छ। ती नक्साहरुको व्यावहारिक प्रयोग भयो त ? भएको छैन। कतिपय पालिका नक्साबारे बेखबर छन्भने कतिपय नक्सा कार्यान्वयनको पक्षमा देखिएका छैनन्। यसमा पोखरालाई उदाहरणका रुपमा लिन सकिन्छ। पोखरा नगरपालिकाको भित्तामा सम्भवतः खानी विभागले त्यसबेला टाँसेको नक्सा अझै हुनुपर्दछ। केही वर्षअघि तत्कालीन लेखनाथ नगरपालिकाको अर्मलेका घरहरु भासिए, सडक भासियो। त्यहाँ जग्गाका कारोबारीहरुले प्लटिङ गरेर घडेरी बेचेका थिए। घडेरी लिनेहरुको घर बनाए। अर्मले आवासका लागि उपयुक्त थियो त ? पोखरा उपत्यकाको प्रकोप नक्सामा अर्मलेको फाँटलाई 'प्रोटो सब्सिडेन्स' भनेर चिनो लगाइएको छ। अर्थात् भासिने खतरा भएको भूसतह भनिएको थियो। भासिनुमा दोष कसको ? हाम्रो बेवास्ता र जथाभावी विकास गर्ने मनोविज्ञानको। यो एउटा घटना मात्र हो। अन्धाधुन्ध सहरीकरण उन्मुख कतिपय सहरहरु आफैँ प्रकोपको खतरा निम्त्याइरहेका छन्।

नेपालमा प्रकोप न्यूनीकरणको क्षेत्रमा सन् १९९० देखि काम भएका हुन् । तर यति लामो समयको अनुभवबाट पनि हामीले धेरै सिक्न पाएका छैनौं भन्ने कुराहरु पनि हुने गर्दछ । समस्या छन् भनेर तदर्थवादमा चलिरहने वा नयाँ शिराबाट अगाडि बढन् ? अहिलको अहम् प्रश्न हो । प्रकोप न्यूनीकरणको समाधान के ? सबैभन्दा पहिला सरकारले आफैँले गरेका काम कार्यान्वयनमा ल्याउन सक्नुपर्‍यो। खानी विभागको काम नक्सा मात्र कोर्ने हो कि ती नक्सा सम्बन्धित पालिकाहरुमा लगेर नक्साका बारेमा जानकारी पनि दिने हो ? प्रकोप न्यूनीकरणको जिम्मेवारी लिएर बसेको प्राधिकरणले यस्तो काम गर्ने हो कि, होइन ? प्रकोप न्यूनीकरणको काममा प्राविधिक ज्ञान, प्रविधिको उपयोग, पालिकाहरुमा जागरण र जनचेतना पनि आवश्यक हुन्छ । जोखिममा रहेका बसोबासहरुको स्थानान्तरणको प्रश्न पनि आउनसक्छ । यस्तो अवस्थामा सङ्घीय सरकार र पालिकाहरुबीच सहकार्य र समन्वय हुन आवश्यक छ। रासस

## लैङ्गिक अल्पसंख्यकको अधिकारलाई सुनिश्चित गर्न माग

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले यौनिक तथा लैङ्गिक अल्पसंख्यक नागरिकका हकअधिकारलाई संस्थागत गर्दै सुनिश्चत गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

निल हिरा समाजद्वारा यहाँ बुधबार आयोजित ‘विविधता गतिशीलताः न्यायसङ्गत, समावेशी र दिगो एसियाको लागि एकता’ विषयक गोष्ठीको उद्घाटन गर्दै उहाँले यौनिक तथा लैङ्गिक अल्पसंख्यक नागरिकका हकअधिकारलाई संस्थागत गर्दै नीतिगत सुधार गर्न र समाजमा सकारात्मक परिवर्तन ल्याउन सरकार, नागरिक समाज, अन्तरराष्ट्रिय साझेदार, सञ्चारमाध्यम र समुदायबीच सहकार्य र समन्वय अपरिहार्य रहेको बताउनुभयो ।

सहकार्य र आपसी साझेदारी लैङ्गिक समानता प्राप्त गर्ने मार्गको महत्त्वपूर्ण आधार रहेको भन्दै मन्त्री सुडीले समावेशी समाज निर्माण गर्न नीति निर्माण तहदेखि समुदायस्तरसम्म सबैको सहभागिता आवश्यकता रहेकामा जोड दिनुभयो । उहाँले सरकार मानवअधिकार, समानता र समावेशी समाज निर्माण गर्न प्रतिबद्ध रहेको बताउँदै समावेशी नीतिहरूको प्रभावकारी कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मन्त्री सुडीले भन्नुभयो, “हामी मानवअधिकारको रक्षा मात्र होइन, समावेशी नीतिहरूको प्रभावकारी कार्यान्वयनको सुनिश्चित गर्न चाहन्छौं, नेपालमा समावेशी संस्कृतिलाई सम्मान गर्ने परम्परा पनि छ, सोहीअनुरुप मैले समावेशिताबारे संविधान, ऐन कानुनबमोजिम कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।” सबै क्षेत्रमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका लागि सुरक्षित स्थान हुनुपर्नेमा जोड दिँदै उहाँले सुरक्षित स्थान केवल भौतिक संरचना मात्र नभएर एक सामाजिक, कानुनी र मानसिक वातावरण भएको बताउनुभयो ।

“व्यक्ति आफ्नो वास्तविक पहिचान खुलस्त रूपमा अभिव्यक्त गर्न, भेदभाव र हिंसाबाट मुक्त रहन र समानता प्राप्त गर्न सक्नुपर्छ । सरकार, नागरिक समाज र समुदाय मिलेर मुलुकलाई यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका लागि अझ सुरक्षित, समावेशी र समानतायुक्त देश बनाउने अभियानमा सक्रिय हुनु पर्दछ”, उहाँले भन्नुभयो ।रासस


# पत्रकारिता क्षेत्र नियमनका लागि नयाँ कानुनी व्यवस्था प्रस्ताव

काठमाण्डु । राष्ट्रियसभामा उत्पत्ति भएको ‘आमसञ्चार परिषद् विधेयक, २०८१’ प्रतिनिधिसभामा पेस भएको छ । यो विधेयकमाथि प्रतिनिधिसभाका सांसदहरूको संशोधन राख्ने, विषयगत समितिमा छलफलका लागि लैजानेलगायत प्रक्रियाहरू बाँकी छन् । तर ‘विधेयकमाथि विचार गरियोस्’ भनी सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले मङ्गलबार प्रतिनिधिसभामा राख्नुभएको प्रस्तावमाथि छलफलका क्रममै सांसदहरूले विधेयकका व्यवस्थामाथि अनेक प्रश्न र शङ्का व्यक्त गर्नुभयो ।

यो विधेयकमार्फत संशोधन गर्न र थप्न खोजिएका विषयको औचित्य, प्रभावकारिता र सम्भावित चुनौतीबारे गम्भीर बहस आवश्यक धारणा सांसदहरूले राख्नुभयो । उहाँहरूले आ-आफ्ना धारणा राख्ने क्रममा यो विधेयकले पत्रकारिता क्षेत्रलाई थप सुदृढ बनाउँछ वा थप नियन्त्रण गर्छ भन्ने प्रश्न उठान गर्नुभएको छ । त्यस्तै, प्रस्तावित मिडिया काउन्सिललाई स्वायत्त निकायका रूपमा परिकल्पना गरिए पनि यसको संरचना, पदाधिकारीसम्बन्धी व्यवस्था, कोष व्यवस्थापन र नियमनको शैलीले यसलाई सरकारको एक शाखा बनाउने सम्भावना रहेको आशङ्का सांसदहरूको थियो । विशेषगरी सरकारबाट मनोनित व्यक्ति र सञ्चार मन्त्रालयका प्रतिनिधिहरू रहने व्यवस्था हुँदा यस संस्थाको निष्पक्षता कायम रहनेमा सांसदहरूको शङ्का थियो ।

त्यस्तै, पत्रकार आचारसंहिताको अनुगमन गर्नु सरकार नियन्त्रित निकायको हातमा राख्दा स्वतन्त्र पत्रकारिता खतरामा पर्ने सम्भावना रहेको टिप्पणी उहाँहरूको थियो । न्यायिक प्रतिनिधित्व नभएको निकायलाई अनुगमन तथा कारबाहीको अधिकार दिँदा पत्रकारिता क्षेत्रमाथि शक्ति दुरुपयोग हुनसक्ने जोखिम औँल्याउँदै सांसदहरूले पत्रकार आचारसंहिता कार्यान्वयनका लागि नैतिक बल भएको गरिमामय र स्वतन्त्र नियामक निकाय बन्नुपर्नेमा जोड दिनुभएको छ । त्यस्तै, मिडिया काउन्सिल कोष स्थापनाको कानुनी आधार, त्यसको सञ्चालन तथा प्रयोगसम्बन्धी व्यवस्थाहरूमा पनि संसदमा प्रश्न उठेका छन् ।

बैठकमा सांसदहरूले उठान गर्नुभएको जिज्ञासामा सञ्चारमन्त्री गुरुङले पत्रकारिता क्षेत्रलाई थप व्यावसायिक र मर्यादित बनाउनका लागि सरकारले यो विधेयक ल्याएको स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, “पेसागत तथा व्यावसायिक आचरण कायम राख्न तथा स्वनियमनलाई प्रवर्द्धन गरी स्वच्छ, स्वतन्त्र र जवाफदेही पत्रकारिताको विकास गर्न स्वायत्त नियामक निकायको रुपमा आमसञ्चार परिषद् (मिडिया काउन्सिल) आवश्यक रहेको र त्यसको स्थापनाका लागि यो विधेयक ल्याइएको हो ।” हाल प्रेस काउन्सिलले गरिरहेको काम आमसञ्चार परिषद्मार्फत गर्नका लागि त्यस्तो परिषद् स्थापना र सञ्चालन गर्न नयाँ कानुन आवश्यक रहेको उहाँको जवाफ थियो । मिडिया काउन्सिलसको आवश्यकता पहिचान आमसञ्चार नीति, २०७३ बाटै भएको उल्लेख गर्नुहुँदै सञ्चारमन्त्री गुरुङले सोहीअनुसार विद्यमान प्रेस काउन्सिलका काम, कर्तव्य तथा अधिकार पुनःपरिभाषित गर्नुपरेको बताउनुभयो । पत्रकारिता क्षेत्रको आचारसंहिता बनाउने र कार्यान्वयन गर्ने निकायलाई स्वायत्त एवं सक्षम बनाउने लक्ष्यका साथ यो विधेयक ल्याइएको मन्त्री गुरुङको भनाइ छ ।



### किन आवश्यक ?

रेडियो, टेलिभिजन, अनलाइन, डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चारमाध्यमहरूको व्यवस्थापन एवं नियमनका लागि नयाँ कानुनी व्यवस्थासहित यो विधेयक ल्याइएको छ । विश्व प्रेस काउन्सिल, दक्षिण एसियाली प्रेस काउन्सिललगायत विश्वका अन्य देशका काउन्सिलहरूसँग सम्बन्ध स्थापना गर्नका लागि पनि यो कानुनले भूमिका खेल्ने जनाइएको छ । त्यस्तै, पत्रकारिताको क्षेत्रमा आएका परिवर्तन र प्रविधिमा भएको विकासको प्रयोगलाई आत्मसात् गर्नका लागिसमेत नयाँ संरचना आवश्यक रहेको सरकारको भनाइ छ । यो कानुन बनेपछि सबै मिडिया र पत्रकारलाई समेटी आचारसंहिता पालना गराउन वा अनुगमन गर्न मार्गप्रशस्त हुने, प्रेस काउन्सिलको पुनर्संरचना हुनुका साथै भूमिका अझ प्रभावकारी हुनेलगायत काममा सहजीकरण हुने अपेक्षा गरिएको छ ।

प्रस्तावित विधेयकले काउन्सिलको स्थापना तथा काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्थालाई संशोधन गरेको छ । त्यस्तै, पत्रकार आचारसंहिता जारी गर्नेसम्बन्धी व्यवस्था, आचारसंहिताको पालना, अनुगमन तथा कारबाहीसम्बन्धी व्यवस्था, प्रेस प्रतिनिधिसम्बन्धी व्यवस्था, काउन्सिलको कोष तथा लेखा परीक्षणसम्बन्धी व्यवस्था, कर्मचारीसम्बन्धी व्यवस्थालगायत विषय विधेयकमार्फत परिमार्जित ढङ्गले ल्याउन खोजिएको छ ।

‘स्वच्छ, मर्यादित र जवाफदेही पत्रकारिताको विकासका लागि स्वायत्त नियामक निकायका रूपमा मिडिया काउन्सिलको स्थापना गरिने’ विधेयकमा उल्लेख छ । काठमाडौँमा उपत्यकामा कार्यालय रहने यो संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित एवं सङ्गठित संस्था हुने र यसले कानुनी व्यक्तित्व प्राप्त गर्ने जनाइएको छ ।

विद्यमान प्रेस काउन्सिललाई मिडिया काउन्सिलमा रुपान्तरण गर्दा यसका काम, कर्तव्य र अधिकारलाई पनि पुनःपरिभाषित गरिएको छ । मिडिया काउन्सिलले आमसञ्चारसम्बन्धी नीति निर्माणमा नेपाल सरकारलाई सुझाव दिने तथा समन्वय गर्नेछ । त्यस्तै, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सञ्चारको हकको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने, पत्रकारको अभिलेख राख्ने तथा प्रेस प्रतिनिधि परिचयपत्र प्रदान गर्ने अधिकार पनि यो संस्थालाई रहनेछ । आमसञ्चारमाध्यम तथा आमनागरिकबीचको सम्बन्धलाई सौहार्दपूर्ण बनाउन आवश्यक समन्वय गर्ने, प्रकाशन तथा प्रसारण स्वतन्त्रता र पत्रकारिताको पेसागत मर्यादा हनन् हुन नदिन क्रियाशील रहने, आमसञ्चार तथा पत्रकारिताका विषयमा समसामयिक अध्ययन, अनुसन्धान र प्रशिक्षण गर्नेलगायतका विषय काउन्सिलको क्षेत्राधिकारभित्र पर्नेछन् । आचारसंहिता जारी गर्ने तथा सोको कार्यान्वयनको अनुगमन गर्ने, आचारसंहिता उल्लङ्घनको विषयमा उजुरी लिने र सुनुवाइ गर्ने जिम्मेवारी पनि मिडिया काउन्सिलले पाउनेछ ।

सरकारले नियुक्त गरेको व्यक्ति अध्यक्ष रहने काउन्सिलमा मन्त्रालयले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत, नेपाल पत्रकार महासङ्घको अध्यक्ष सदस्य रहने छन् । त्यस्तै छापा, अनलाइन, रेडियो, टेलिभिजनका प्रकाशक तथा सम्पादक र श्रमजीवी पत्रकारहरूको समेत प्रतिनिधित्व हुनेगरी प्रत्येक प्रदेशबाट एक जनाका दरले कम्तीमा तीन जना महिला रहनेगरी सात जना सदस्य नियुक्त हुने छन् । सञ्चारमाध्यमका पाठक, दर्शक, स्रोताको समेत प्रतिनिधित्व हुनेगरी एक जना सदस्य काउन्सिलमा रहने व्यवस्था विधेयकमा राखिएको छ । सूचना तथा प्रसारण विभागको महानिर्देशकले काउन्सिलको सचिव भई काम गर्ने पनि विधेयकमा उल्लेख छ ।

### आचारसंहितासम्बन्धी व्यवस्था

पत्रकार आचारसंहिता निर्माण त्यसको अनुगमन तथा कारबाही गर्ने जिम्मेवारी काउन्सिलको हुने छभने त्यसको परिपालना गर्नु प्रत्येक सञ्चार संस्था, आमसञ्चार माध्यम र पत्रकारको कर्तव्य हुनेछ । सबै आमसञ्चारमाध्यमले काउन्सिलले जारी गरेको आचारसंहिताको प्रतिकूल नहुने गरी आ-आफ्नो सञ्चारगृहका लागि आचारसंहिता र सम्पादकीय नीतिको स्वघोषणा गर्नुपर्ने छ । स्वच्छ, मर्यादित र जवाफदेही पत्रकारिताका लागि आमसञ्चारमाध्यम स्वयं जिम्मेवार भई स्वनियमन तथा स्वमूल्याङ्कन गर्नुपर्ने व्यवस्था विधेयकमा छ । त्यस्तै, सबै माध्यमले पाठक, श्रोता र दर्शकको गुनासो सुनुवाइ गर्न स्वनियमन संयन्त्र बनाउनुपर्ने छ ।

सञ्चार संस्थाका मालिकहरूले अन्य क्षेत्रमा लगानी गरेको भए त्यस्तो व्यवसाय तथा लगानीको क्षेत्र र स्रोतको बारेमा काउन्सिललाई जानकारी गराउनुपर्ने छ । त्यस्तै, सञ्चार संस्थाले आफ्नो व्यवसाय वा लगानी गरेको संस्थासँग सम्बन्धित समाचार, लेख वा रचना प्रकाशन वा प्रसारण गर्दा त्यस्ता सामग्री आफ्नो लगानी रहेको क्षेत्रसँग सम्बन्धित भएमा सर्वसाधारणले देख्न, पढ्न वा सुन्न सक्नेगरी जानकारी (डिस्क्लेमर) गराउनुपर्ने पनि विधेयकमा उल्लेख छ ।

पत्रकार आचारसंहिता उल्लङ्घनसम्बन्धी उजुरी लिने, त्यसको जाँचबुझ तथा छानबिन गर्ने र आचारसंहिता उल्लङ्घन भएको देखिएको त्यसको निरुपणसम्बन्धी व्यवस्था पनि विधेयकमा राखिएको छ । आचारसंहिता उल्लङ्घनसम्बन्धी मुद्दामा मेलमिलाप गर्न सकिने व्यवस्था यो कानुनले समेटेको छ । मेलमिलाप हुन नसकेको खण्डमा क्षमायाचना गर्न लगाउने, खण्डन प्रकाशन तथा प्रसारण गर्न लगाउने, आचारसंहिता पालना नगरेको भनी सार्वजनिक रूपमा सूचना प्रकाशित गर्ने, सचेत गराउने, प्रेस प्रतिनिधि परिचयपत्र एक वर्षसम्मको लागि निलम्बन गर्नेलगायत कारबाही गर्ने विधेयकमा उल्लेख छ । त्यस्तै, सरकारबाट पाउने सेवा, सुविधा, सहुलियत वा लोककल्याणकारी विज्ञापनजस्ता आंशिक वा पूरै रोक लगाउन सम्बन्धित निकायमा सिफारिस गर्न सकिने व्यवस्था प्रस्तावित कानुनमा छ ।

आचारसंहिता उल्लङ्घनबाट भएको क्षतिको पूर्ति गर्न सकिने विषय पनि विधेयकले समेटेको छ । “काउन्सिलबाट जारी भएको आचारसंहिताविपरीत कुनै सञ्चार संस्था, सञ्चारमाध्यम वा पत्रकारबाट प्रकाशन वा प्रसारण भएको कुनै समाचार वा सूचनाबाट कुनै व्यक्तिको मर्यादा वा प्रतिष्ठामा गम्भीर असर पुर्याएको वा सम्पत्ति वा व्यवसायमा हानि नोक्सानी भएको अवस्थामा त्यस्तो व्यक्तिले क्षतिपूर्तिको दाबीसहित सम्बन्धित सञ्चार संस्था, आमसञ्चारमाध्यम वा पत्रकारविरुद्ध सम्बन्धित जिल्ला अदालतमा उजुरी दिन सक्ने छ”, विधेयकमा भनिएको छ । जिल्ला अदालतको फैसलामाथि चित्त नबुझेमा उच्च अदालतमा पुनरावेदन गर्न सकिने छ ।

आमसञ्चार काउन्सिलको एउटा छुट्टै कोषसम्बन्धी व्यवस्था पनि विधेयकमा राखिएको छ । उक्त कोषमा सरकारबाट प्राप्त रकम, कुनै स्वदेशी व्यक्ति वा सङ्घसंस्थाबाट आर्थिक अनुदान वा सहायतास्वरूप प्राप्त रकम र कुनै विदेशी सरकार, निकाय वा संस्थाबाट वैदेशिक सहायतास्वरूप प्राप्त आर्थिक अनुदानको रकम राख्न सकिने जनाइएको छ ।रासस

> रेडियो, टेलिभिजन, अनलाइन, डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चारमाध्यमहरुको व्यवस्थापन एवं नियमनका लागि नयाँ कानुनी व्यवस्थासहित यो विधेयक ल्याइएको छ । विश्व प्रेस काउन्सिल, दक्षिण एसियाली प्रेस काउन्सिललगायत विश्वका अन्य देशका काउन्सिलहरूसँग सम्बन्ध स्थापना गर्नका लागि पनि यो कानुनले भूमिका खेल्ने जनाइएको छ ।

# परराष्ट्रमन्त्री डा देउवाद्वारा स्पेन र स्लोभाकियाका विदेशमन्त्रीसँग छुट्टाछुट्टै भेटवार्ता

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवा र स्पेनका विदेशमन्त्री जोसे म्यानुअल अलबारेस् बुएनोबीच जेनेभामा द्विपक्षीय भेटवार्ता भएको छ। संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्को ५८ औँ उच्चस्तरीय सत्रमा सहभागिताका लागि जेनेभामा रहनुभएका उहाँहरूबीच बुधबार साइडलाइन भेटवार्ता भएको हो ।

भेटमा मन्त्री डा देउवाले युरोपियन युनियनका समेत विदेश तथा सहयोगमन्त्रीका रूपमा रहनुभएका म्यानुअलसँग युरोपियन युनियनको एक महत्त्वपूर्ण सदस्यका रूपमा रहेर स्पेनले नेपालको आर्थिक सामाजिक विकासमा गरेको सहयोगको सराहना गर्नुभएको थियो । सो भेटमा मन्त्री डा देउवाले नेपाललाई कोभिड-१९ तथा भूकम्पजस्ता अप्ठेरो समयमा पनि स्पेनले पुऱ्याएको सहायताका लाग धन्यवाद ज्ञापन गर्नुभयो ।



© RSS

नेपाल सन् २०२६ मा विकासोन्मुख राष्ट्रका रूपमा स्तरोन्नति हुने चरणमा रहेकाले आवश्यक सहयोगसहित दिगो विकास लक्ष्य हासिल गर्नका लागि नेपाललाई पर्नसक्ने आवश्यक सहयोगका लागि स्पेनलाई आग्रह पनि गर्नुभयो । मन्त्री डा देउवाले जलवायु परिवर्तनले नेपाललाई परेको असरबारे नेपालले आन्तर ाष्ट्रि मञ्चहरूमा न्यायका लागि वकालत गरिरहेकाले त्यसमा स्पेनको पनि सहयोगका लागि अपिल गर्नुभयो ।

मन्त्री डा देउवाले नेपाल संयुक्त राष्ट्रसङ्घको सन् २०२७ देखि २०२९ सम्मका लागि मानवअधिकार परिषदको सदस्यमा उम्मेदवारी घोषणा गरिसकेको र २०२९ देखि २०३१ सम्मका लागि आर्थिक तथा सामाजिक परिषद् एवं सन् २०३७ देखि २०३८ का लागि सुरक्षा परिषद्को अस्थायी सदस्यमा उम्मेदवारी दिने भएकाले त्यसमा सहयोगका लागि स्पेन सरकारलाई पनि आग्रह गर्नुभयो ।

साथै उहाँले जलवायु परिवर्तन, हिमाल र मानवताको भविष्यको विषयलाई मुख्य थिम बनाएर आगामी मे महिनामा नेपालले सगरमाथा संवाद कार्यक्रमको आयोजना गरेकाले त्यसमा सहभागिताका लागि स्पेनलाई पनि आमन्त्रण गर्नुभयो । त्यस अवसरमा मन्त्री डा देउवाले नेपालमा राजदूतावास स्थापना गर्न स्पेनलाई आग्रह पनि गर्नुभयो ।

त्यसैगरी मन्त्री डा देउवाले बुधबारै स्लोभाकियाका विदेशमन्त्री जुरज ब्लानरसँग पनि द्विपक्षीय भेटवार्ता गर्नुभएको थियो । त्यस क्रममा उहाँले नेपाल स्लोभाकियाबीचको आपसी सम्बन्धका साथै नेपालले संयुक्त राष्ट्रसङ्घमा दिएका उम्मेदवारी र जलवायु परिवर्तनको असरका क्षेत्रमा नेपालले उठाउँदै आएका विषयवस्तुहरूका बारेमा पनि कुराकानी गर्नुभएको थियो ।

त्यसैगरी बुधबार मन्त्री डा देउवासँग मेक्सिकोका अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानवअधिकार सम्बन्धी उपमन्त्री एनरिक जेभियर ओच मर्टिनाजले पनि शिष्टाचार भेट गर्नुभएको थियो । त्यस अवसरमा उहाँहरूबीच नेपाम मेक्सिको सम्बन्धका विविध पक्ष र आगामी दिनमा गर्न सकिने सहकार्यका बारेमा कुराकानी भएको थियो ।

### राष्ट्रसंघीय मानवअधिकार उच्च आयुक्तसाग भेटवार्ता

परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्च आयुक्त भल्कर टकसँग जेनेभामा भेटवार्ता गर्नुभएको छ। संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्को ५८औं उच्चस्तरीयसत्रमा सहभागिताका लागि जेनेभामा रहनुभएका मन्त्री डा देउवाले बुधबार साइडलाइन भेटवार्ता गर्नुभएको हो ।

भेटका अवसरमा परराष्ट्रमन्त्री डा देउवाले नेपाल मानवअधिकारको संरक्षण र प्रवर्द्धनमा विश्वकै उदाहरणीय एवं पथप्रदर्शक राष्ट्र रहेको भन्दै सीमित स्रोत र साधनका बाबजुद पनि मानवअधिकारको रक्षा र प्रवर्द्धनमा नेपाल प्रतिबद्ध रहिआएको बताउनुभयो । उहाँले नेपालको वर्तमान संविधानले नागरिक स्वतन्त्रताका साथै नागरिकका राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूलाई मौलिक अधिकारका रूपमा व्यवस्था गरेको जानकारी गराउँदै नेपाल सरकार लोकतान्त्रिक मूल्य मान्यता, कानुनी शासन र न्यायपालिकाको स्वतन्त्रताप्रति पूर्ण रूपमा प्रतिबद्ध रहेको स्पष्ट गर्नुभएको थियो । मन्त्री डा देउवाले शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्न सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनको निर्माण गरेर नेपाल सरकार तदारुकताका साथ अघि बढेको जानकारी दिँदै सङ्क्रमणकालीन न्यायलाई छिट्टै टुङ्ग्याउने प्रतिबद्धता पनि व्यक्त गर्नुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

उक्त भेटमा परराष्ट्र मन्त्रालयको संयुक्त राष्ट्रसङ्घ महाशाखा प्रमुख कृष्णप्रसाद ढकाल, जेनेभास्थित संयुक्त राष्ट्रसङ्घीय नेपाली स्थायी प्रतिनिधि रामप्रसाद सुवेदी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मानवअधिकार तथा अन्तरराष्ट्रिय सन्धि सम्झौता महाशाखा प्रमुख राजेन्द्र थापालगायत हुनुहुन्थ्यो । रासस


मधेश प्रदेश सरकार

श्रम तथा यातायात मन्त्रालय

जनकपुरधाम, धनुषा

सूचना ! सूचना !! सूचना !!!

प्रथम पटक सूचना प्रकाशन मितिः- २०८१/११/१५ गते

मधेश प्रदेश, श्रम तथा यातायात मन्त्रालय, जनकपुरधामको अर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत **“वैदेशिक रोजगारीबाट फर्केका नागरिकहरुलाई स्वरोजगारका लागि आर्थिक/वस्तुगत सहयोग”** अनुदान कार्यक्रमबाट आफु स्वरोजगार हुन एवं संचालनमा रहेको उद्यम व्यवसायमा थप रोजगार श्रृजना गर्नका लागि तपसिल अनुसारका योग्यता पुगेका वैदेशिक रोजगारबाट फिर्ता आएका व्यक्तिहरु एवंम वैदेशिक रोजगारीबाट फिर्ता आएका व्यक्तिहरुद्वारा संचालित नीजि/साझेदारी फर्म, उत्पादक समूह, सहकारी र कम्पनिहरुबाट आर्थिक/वस्तुगत सहयोग अनुदान प्राप्तिका लागि खुला रुपमा आवेदन माग गरिएको छ ।

**अनुदानको सिमाः**

विभिन्न प्रकृति तथा क्षेत्रका व्यावसायीक गतिविधीका लागि देहाय अनुसार अनुदानको सिमा निर्धारण गरिएको छ ।

(क) व्यक्तिगत लाभग्राहीलाई बढिमा रु. ५,००,०००।- (पाँच लाख) सम्म ।

(ख) उत्पादक समूह बढिमा रु. १०,००,०००।- (दश लाख) सम्म ।

(ग) सहकारी संस्था, निजि साझेदारी फर्म तथा कम्पनी बढिमा रु. १५,००,००।- (पन्द्र लाख) सम्म ।

माथि उल्लेख गरिएको सिमा र लाभग्राहीद्वारा प्रस्तावित परियोजनाको कुल लगानिको ५० प्रतिशत भन्दा कम रकम मध्ये कम अनुदान मात्र स्वीकृतिका लागि प्रक्रिया लगिने छ ।

**आवेदकहरुको न्यूनतम योग्यताः**- कार्यक्रमको लाभग्राहीहरु देहाय अनुसारका रहेका छन् ।

(क) वैदेशिक रोजगारीबाट फर्किएका र स्वदेशमै स्वरोजगार भई नयाँ काम गर्ने चाहना भएका वा स्वरोजगारमुलक कार्यमा संलग्न व्यक्तिहरु जो आफ्नो व्यावसायिक कार्य विस्तार गर्न चाहेको छ ।

(ख) प्रदेश भित्रका वैदेशिक रोजगारीबाट फर्किएका वेरोजगार युवाहरु जसले आफ्नो रोजगारका लागि कृषि तथा गैर कृषि क्षेत्रमा उत्पादनमुलक, सेवामुलक, ट्रेढ एवं व्यापार परम्परागत सिप एवं साँस्कृतिक व्यवसाय र सिपमा आधारीत अन्य नयाँ व्यावसायिक कारोवार गर्ने चाहना बोकेका वा गरिरहेको व्यावसायिक कार्य विस्तार गर्न चाहनेहरु ।

(ग) नेपाल सरकारले तोकेको परिधिमा रहि वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको नेतृत्वमा संचालनमा रहिरहेका समूह र निजि/साझेदारीको व्यावसायिक फर्महरु ।

(घ) वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको नेतृत्वमा संचालित सहकारी संस्थाहरु ।

**नोटः**- योग्य आवेदकहरुले श्रम तथा यातायात मन्त्रालयको मधेश स्वरोजगार एप (link:https//molt.madhesh.gov.np) बाट सूचना प्रकाशन भएको मितिले १५ दिने भित्र अनलाईन आवेदन गरि सक्नु पर्नेछ । प्रथम छनौट सुचिमा परेका आवेदकहरुले मात्र आवेदनको प्रिन्टेड प्रति मन्त्रालयमा बुझाउनु पर्नेछ । आवेदन योग्य व्यावसायिक कार्य र आवेदकको योग्यताको बारेमा विस्तृत जानकारीको लागि मन्त्रालयको वेवसाइटमा हेर्नु होला ।

**सम्पर्क व्यक्तिः** नविन कुमार शर्मा (शाखा अधिकृत) सम्पर्क नं. ९८४५४४२०१८

# मिर्गौला बेच्न 'विवश' म्यान्मारका ग्रामीण बासिन्दाको पीडा



बीबीसी

काठमाण्डु । "मलाई केवल एक घर किन्नु थियो र ऋण तिर्नु थियो - त्यसैले मैले मिर्गौला बेच्ने निर्णय गरेँ," म्यान्मारका एक किसान जेयाले भने।सन् २०२१ मा भएको सत्तापलटपछि चर्किएको गृहयुद्धका माझ म्यान्मारमा महँगी अकासियो। आफ्नो परिवारमा हातमुख जोर्न उनलाई गाह्रो हुन थाल्यो र उनी ऋणमा डुबे।

उनको परिवार सासूको घरमा बस्थ्यो। देशको सबैभन्दा ठूलो सहर याङ्गोनबाट केही घण्टा पर कच्ची बाटो पुगेको एक गाउँमा रहेको कच्ची घरमा उनीहरूको बास थियो। पहिचान जोगाउनका निम्ति छद्मनाम दिइएका जेयाले एउटा मिर्गौला बेचेका केही स्थानीय मानिस चिन्दथे। "ती मानिस स्वस्थ नै देखिन्थे," उनले भने।त्यसपछि उनले सोधपुछ गर्न थाले। भारत पुगेर मिर्गौला बेचेको बीबीसी बर्मिजलाई बताउने उनी सो क्षेत्रका आठ जनामध्ये एक हुन्।अवैध अङ्ग व्यापार एशियाभरि फैलिएको समस्या हो। जेयाको कथाले यो कसरी हुने गर्छ भन्ने देखाउँछ।

**बिक्रीको सहमति**

उनले चाँडै नै एक 'दलाल' फेला पारे।उनका अनुसार ती व्यक्तिले मेडिकल परीक्षणहरू गराउन सघाए अनि केही हप्तापछि सम्भावित क्रेताका रूपमा एक बर्मेली महिला फेला परेको बताए। साथै उनले दुवै जना शल्यक्रियाका निम्ति भारत जान सक्ने बताए।मानवअङ्गको खरिदबिक्री म्यान्मार र भारत दुवै देशमा अवैध हो।

भारतमा यदि दाता र बिरामी निकट आफन्त होइनन् भने त्यस्तो अङ्गदानको मानवीय वा परोपकारी नियत भएको स्पष्ट पार्नुपर्छ र दुईबीचको सम्बन्ध पनि बताउनुपर्छ।जेयाका अनुसार ती दलालले एउटा नक्कली कागजात पनि बनाइदिए। म्यान्मारमा परिवारका सदस्यहरूबारे उल्लेख गरिएको कागजात हरेक परिवारसँग हुनुपर्छ।"ती दलालले मलाई उक्त महिलाको परिवारको सदस्य उल्लेख गरेर कागत बनाए," जेयाले भने।जेयाले विवाहबाट गाँसिएको नाताको मानिसलाई मिर्गौला दान दिन लागेको जस्तो कागत दलालले बनाए - "रगतको नाता होइन तर अलि परको नाता।"

त्यसपछि ती दलालले याङ्गोनमा उक्त महिलालाई भेट्न लगे। अनि त्यहाँ पुगेपछि डाक्टर भनेर चिनाइएका अर्का व्यक्तिले थप कागजातहरू बनाइदिएको अनि यदि निर्णयबाट पछि हटेमा जेयाले थुप्रै पैसा तिर्नुपर्ने धम्की दिइको उनले सुनाए।बीबीसीले ती व्यक्तिसँग पछि सम्पर्क गर्दा तिनले आफ्नो भूमिका भनेको बिरामी उक्त शल्यक्रियाका निम्ति तयार रहे वा नरहेकोबारे यकिन गर्नु मात्र रहेको र दातासँगको सम्बन्ध जाँच गर्नु नरहेको बताए।जेयाका अनुसार उनलाई ७५ लाख म्यान्मारी क्याट दिइने भनिएको थियो। त्यो भनेको १७ सयदेखि २७ सय अमेरिकी डलरबीच हुन आउँछ - कू भएयता म्यान्मारमा अनौपचारिक विनिमय दर निकै तलमाथि भइरहन्छ। त्यसपछि उनीहरू हवाई मार्गबाट उत्तर भारत पुगे। ठूलो अस्पतालमा शल्यक्रिया गरियो।

भारतमा विदेशी नागरिकहरूको अङ्ग प्रत्यारोपणलाई सम्बन्धित अस्पताल वा स्थानीय निकायले तोकेको समितिले स्वीकृति दिनुपर्छ।जेयाले उनलाई अनुवादकको सहारामा करिब चार जनाले अन्तर्वार्ता लिएको बताए।"उनीहरूले मलाई राजीखुसीले मिर्गौला दान गर्न लागेको हो वा दबावमा भनेर सोधेका थिए," उनले भने।उनले बिरामी महिला आफ्नो नातेदार भएको बताएको र त्यसपछि प्रत्यारोपण गर्न स्वीकृति मिलेको बताए।जेयाले शल्यक्रिया अगाडि आफूलाई बेहोस बनाएकोसम्म सम्झिएका छन्।

"शल्यक्रियापछि कुनै ठूला समस्या आएनन्। तर हिँडडुल गर्दा पीडा हुन्थ्यो," आफू एक साता अस्पतालमै बसेको उनले बताए। अर्का दाता म्यो विन (असली नाम होइन)ले पनि नचिनेको बिरामी आफ्नो नातेदार भएको भान पारेको बीबीसीलाई बताए।"दलालले एक टुक्रा कागज दिएको थियो। त्यसमा लेखिएका कुरा रट्नुपरेको थियो," उनले भने। बिरामीले विवाह गरेको व्यक्ति आफ्नो निकट नातेदार भएको बताउन आफूलाई भनिएको विनले बताए।"मेरो मामिला हेरिरहेका व्यक्तिले मेरी आमासँग सोधपुछ गर्छु भने। तर दलालले पहिले नै मेरी नक्कली आमा खडा गरिसकेका थिए," उनले भने। अनि ती नक्कली आमासँग फोन गर्दा तिनले उनकै राजीखुसीमा नातेदारलाई नै मिर्गौला दान दिन लागेको भनेर बताइदिएको उनले बताए।

म्यो विनलाई पनि जेयालाई जति नै रकम दिने भनिएको तर त्यसलाई 'परोपकारी दान'को सङ्ज्ञा दिइएको र त्यसको १० प्रतिशत दलाललाई दिनुपर्ने भनिएको उनले बताए।दुवै जनाका अनुसार वाचा गरिएको रकमको एकतिहाइ उनीहरूलाई सुरुमै दिइयो। शल्यक्रिया गर्न शल्यक्रियाकक्षमा पुग्दा पनि आफ्नो दिमागमा यही विषय खेलिरहेको म्यो विन सम्झन्छन्, "मैले तिनको पैसा लिइसकेको हुनाले यो मैले गर्नैपर्छ भन्ने लाग्यो।" आफू ऋणमा डुबेको अनि पत्नीको औषधोपचार खर्च धान्न गाह्रो भएकाले 'विवश' भएर यसो गर्नुपरेको उनी बताउँछन्।

म्यान्मारमा सैन्य कू भएयता बेरोजगारी बढेको छ। विदेशी लगानीकर्ता भागेका छन्। सन् २०१७ मा जनसंख्याको एकचौथाइ गरिबीमा बाँचिरहेका थिए - तर सन् २०२३ मा आइपुग्दा यो परिमाण जनसंख्याको आधामा पुगेको संयुक्त राष्ट्रसङ्घको विकास कार्यक्रम यूएनडीपीले जनाएको छ।मिर्गौला बिक्री गर्नु गैरकानुनी काम भएको आफूलाई दलालले नबताएको म्यो विनले भने। "त्यसो भनेको भए मैले बेच्ने थिइनँ। मलाई जेल पर्छु कि भन्ने डर छ," उनले भने।पहिचान जोगाउन अनि अन्तर्वार्ता दिएकाहरूको सुरक्षाका निम्ति बीबीसीले यी व्यक्ति तथा संस्थाको नाम लिएको छैन।

पहिचान लुकाएर बोलेका म्यान्मारका अर्का व्यक्तिले करिब १० जना मानिसलाई भारतमा शल्यक्रिया गराएर मिर्गौला किन्न वा बेच्न आफूले सघाएको बीबीसीलाई बताए।उनले मानिसहरूलाई मध्यम्यान्मारस्थित मान्डले सहरमा रहेको 'एजेन्सी'मा सिफारिस गर्ने गरेको र त्यसले बाँकी सहजीकरण गर्ने गरेको बताए।"दाताहरूबारे चिन्ता नलिनोस्," उनले भने, "आफ्नो मिर्गौला बेच्न आतुर मानिसहरूको लामै सूची हामीसँग छ।"अपरिचितहरूबीच नातासम्बन्ध देखाउन नक्कली कागजातहरू बनाइने उनले पनि बताए। यस्तो काम गर्दा पैसा कति पाइन्थ्यो भनेर सोध्दा ती व्यक्तिले जबाफ दिएनन्।

**भारतमा पक्राउ**

सन् २०१० यता विश्वभरि मानव अङ्ग प्रत्यारोपण करिब ५० प्रतिशतले बढेको र अहिले वार्षिक डेढ लाख त्यस्ता शल्यक्रिया हुने गरेको विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ)ले जनाएको छ। तर मागको तुलनामा १० प्रतिशत मात्र अङ्ग आपूर्ति हुन सकेको उसले बताएको छ।मानव अङ्गको बेचबिखन लगभग सबै देशहरूमा अवैध हो र यसको मापन गर्न गाह्रो छ। सन् २००७ मा डब्ल्यूएचओले प्रत्यारोपणको ५-१० प्रतिशत अवैध ढङ्गले हुने गरेको अनुमान गरेको थियो तर त्यसको वास्तविक संख्या अझै धेरै हुन सक्ने बताइएको थियो।

गरिबीका कारण बाध्यतावश हुने अवैध मिर्गौला बिक्री हालैका वर्षहरूमा नेपाल, पाकिस्तान, इन्डोनेशिया, अफगानिस्तान, भारत र बाङ्लादेशसहित एशियाभरि देखा परेको छ। मेडिकल पर्यटन वा औषधोपचारका लागि गरिने यात्राका लागि भारत लामो समयदेखि प्रमुख गन्तव्य बन्दै आएको छ। त्यहाँ मिर्गौला बिक्रीको चिन्ता पनि बढेको छ।गत जुलाईमा भारतीय प्रहरीले मिर्गौला बेचबिखनमा लागेको गिरोहसँग सम्बन्धित सात जना पक्राउ परेको जनाएको थियो, जसमा एक भारतीय चिकित्सक र उनकी सहयोगी पनि थिए।

उक्त गिरोहले गरिब बाङ्लादेशीहरूलाई मिर्गौला बेच्नका लागि उपयोग गरेको र त्यसका लागि नक्कली कागजात तयार पार्ने गरेको प्रहरीले आरोप लगाएको थियो। दिल्लीको प्रतिष्ठित इन्द्रप्रस्थ अपोलो अस्पतालकी डाक्टर विजया राजाकुमारीले उक्त अस्पतालभन्दा केही किलोमिटर पर रहेको यथार्थ नामक अर्को अस्पतालमा भिजिटिङ कन्सल्ट्यान्टका रूपमा गएर त्यस्ता शल्यक्रिया गर्ने गरेको आरोप लागेको थियो। उनकी वकिलले ती आरोप 'पूरै आधारहीन र प्रमाणहीन' रहेको बीबीसीलाई बताए। उनले निर्दिष्ट समितिले स्वीकृत गरेका र कानुनबमोजिम मात्र शल्यक्रियाहरू गरेको वकिलले बताए। जमानतसम्बन्धी एक आदेशमा उनीमाथि नक्कली कागजात खडा गरेको आरोप लगाइएको छैन।

यथार्थ अस्पतालले उसकहाँ हुने सबै उपचार 'हाम्रा सुदृढ प्रोटोकलबमोजिम हुने गर्छन् ता कि सबै कानुनी तथा नैतिक मापदण्ड पूरा होस्' भन्ने जबाफ बीबीसीलाई दिएको छ।उनलाई पक्राउ गरिएपछि अपोलो अस्पतालले डा राजाकुमारी त्यहाँ 'फ्रीलान्स कन्सल्ट्यान्ट'का रूपमा मात्र कार्यरत रहेको बतायो। उनीविरुद्ध अदालतमा कुनै अभियोग लगाइएको छैन।

**'पछुतो छैन'**

गत एप्रिलमा भारतको स्वास्थ्य मन्त्रालयका एक वरिष्ठ अधिकारीले भारतका राज्यहरूलाई पत्र लेख्दै विदेशीहरू मुछिएका प्रत्यारोपणका मामिलाहरू 'निकै बढेको' भन्दै अझ राम्ररी अनुगमन गर्न भनेको थियो।

भारतीय कानुनअनुसार अङ्गदान दिन वा लिन चाहने विदेशी नागरिकसँग सबै कागजात हुनुपर्छ, जसमा सम्बन्धित देशको भारतस्थित दूतावासले प्रमाणित गरेको नाता प्रमाणपत्र पनि पर्छ।बीबीसीले यसबारे भारतको स्वास्थ्य मन्त्रालय र राष्ट्रिय अङ्ग प्रत्यारोपणसम्बन्धी निकाय अनि म्यान्मारको सैन्य सरकारसँग प्रतिक्रिया मागेको थियो। तर कुनै जबाफ प्राप्त भएन।म्यान्मारका जनस्वास्थ्यसम्बन्धी एक अभियानकर्मी डा थुरेन लाइङ् विनले भने, "कानुनको कार्यान्वयन प्रभावकारी छैन।"सम्भावित दाताहरूलाई जोखिमबारे सूचित पार्नु जरुरी रहेको उनले बताए। शल्यक्रियाका बखत हुन सक्ने रक्तस्राव अनि अन्य अङ्गमा पर्न सक्ने क्षतिबारे बताइनुपर्ने र शल्यक्रियापछि उचित स्याहार गरिनुपर्ने उनले बताए। शल्यक्रिया भएको कैयन् महिनापछि बीबीसीले फेरि जेयासँग कुरा गरेको थियो।

"मैले कर्जा चुक्ता गरेँ अनि एक टुक्रा जग्गा किनेँ," उनले भने।तर घर बनाउन अझै पैसा नपुगेको र बिरामीबाट तङ्गदै रहेकाले पनि निर्माण गर्न नसकिएको उनले भने। उनले आफूलाई ढाड दुख्ने गरेको पनि बताए।"मैले अब छिट्टै काम सुरु गर्नुपर्छ। स्वास्थ्यमा अन्य असर परेमा बेहोर्नुपर्छ। मलाई पछुतो छैन," उनले भने।केही समयसम्म आफ्नो मिर्गौला लिएकी बिरामीसँग पनि सम्पर्क भएको र ती महिला उनको मिर्गौलाका कारण स्वस्थ भएको जानकारी पाएको जेयाले बताए।

पहिचान नखुलाउने सर्तमा बोल्दै ती महिलाले कुल १० करोड क्याट (२२ हजार देखि ३५ हजार डलर) खर्च भएको बीबीसीलाई बताइन्। तर जेया साँच्चिकै आफ्नो नातेदार भएको भन्दै उनले नक्कली कागजात बनाएको अस्वीकार गरिन् ।

## एक दशकपछि दक्षिण कोरियाको जन्मदरमा वृद्धि

एएफपी

सियोल । दक्षिण कोरियाको जन्मदर एक दशकपछि गत वर्ष पहिलो पटक बढेको सरकारी तथ्याङ्कले बुधबार देखाएको छ ।

दक्षिण कोरिया विश्वको सबैभन्दा धेरै औसत आयु र सबैभन्दा कम जन्म दरमध्ये भएको देशमध्ये एक हो । यो एउटा यस्तो संयोजन हो जसले एक बढ्दो जनसाँख्यिकीय चुनौती प्रस्तुत गर्दछ।सियोलले महिलाहरूलाई बढी न्दा बढी बच्चा जन्माउन प्रोत्साहित गर्न र जनसंख्या स्थिर कायम राख्न गर्न अर्बौं डलर खर्च गरेको छ।

कोरियाको प्रारम्भिक साँख्यिकीय तथ्याङ्कअनुसार प्रति एक हजार व्यक्तिमा जन्मिने शिशुको संख्या दर ४.७ रहेको छ, जसले सन् २०१४ देखि निरन्तर घट्दो जनसंख्याको प्रवृत्ति देखाएको थियो ।

प्रजनन दर वा एक महिलाले आफ्नो जीवनकालमा बच्चा जन्माउने औसत संख्या सन् २०२४ मा ०.७५ पुगेको छ । यो सन् २०२३ को ०.७२ को तुलनामा ०.०३ ले बढी हो।

"सन् २०२४ मा दक्षिण कोरियामा दुई लाख ३८ हजार ३०० जनाको जन्म भएको थियो, जुन अघिल्लो वर्षको तुलनामा आठ हजार ३०० (३.६ प्रतिशत) बढी हो," प्रतिवेदनमा भनिएको छ।जनसंख्याको अध्ययनमा जानकारी राख्ने कोरियाली अधिकारी पार्क ह्युन जियोङले कोभिड-१९ को महामारीपछि विवाहमा वृद्धि हुनुका साथै जनसांख्यिकीय परिवर्तनमा आएको परिवर्तनका कारण जन्मदरमा वृद्धि भएको बताउनुभयो । पार्कले एक पत्रकार सम्मेलनमा भन्नुभयो, "पछिल्लो एक दशकमा कोरियामा ३० वर्ष भन्दा माथिका मानिसहरुको संख्यामा उल्लेखनीय वृद्धि भएको छ ।

सियोलका अनुसार सन् २०२४ मा बच्चा जन्माउने औसत मातृ उमेर ३३.७ वर्ष रहेको छ ।

तर दक्षिण कोरियाको पाँच करोड १० लाख जनसंख्या कायम राख्न आवश्यक पर्ने २.१ जना बालबालिकाभन्दा प्रजनन दर निकै कम छ ।

# अमेरिका आउन चाहनेका लागि डोनल्ड ट्रम्पले घोषणा गरे नयाँ 'गोल्ड कार्ड'

बीबीसी

काठमाण्डु । अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले 'धनी' आप्रवासीहरूले अमेरिकामा बसोबास गर्न पाउने नयाँ योजना सार्वजनिक गरेका छन्।

उनका अनुसार ५० लाख डलर खर्च गर्ने आप्रवासीहरूले "गोल्ड कार्ड" पाउने छन् र यसले उनीहरूलाई अमेरिकी नागरिकता पनि पाउने मार्ग खोल्ने छ।वर्तमान विनिमय दरअनुसार त्यो भनेको झन्डै ७० करोड नेपाली रुपैयाँ हुन आउँछ। यस योजनामार्फत् अमेरिकामा रोजगारदाताहरू भित्र्याई सार्वजनिक ऋण कम गर्न सकिने उनको तर्क छ। यस योजनाबाट 'अति राम्रा मानिसहरू' अमेरिका भित्रिने उनले बताएका थिए र यसबारे थप स्पष्टीकरण सोध्दा उनले तिनमा रुसी धनाढ्यहरू पनि पर्न सक्ने बताए।

अर्थात् क्रेम्लिनसँगको सम्बन्धका कारण पश्चिमाहरूको आर्थिक प्रतिबन्धमा परेका रुसीहरूले पनि यसबाट फाइदा लिन सक्ने छन्।गरिब आप्रवासीहरूलाई देश निकाला गर्ने उनको राष्ट्रपतिकालको एक मुख्य नीति बनेको छ। ट्रम्पले निर्वाचन अभियानताका नै आप्रवासनबारे कठोर नीति लिने बताउँदै आएका छन्।



दोस्रो कार्यकालको आरम्भमै उनले विभिन्न कार्यकारी आदेशहरू जारी गरेर आप्रवासनलाई नियन्त्रण गर्ने कदम चाले।'जन्मका आधारमा नागरिकताको हक'को परिभाषा परिवर्तन गर्नेदेखि सीमाबाट हुने गैरकानुनी प्रवेशलाई रोक्न मेक्सिकोसँगको सीमामा राष्ट्रिय सङ्कटकाल घोषणा गर्ने विषय त्यसमा समेटिएका छन्।

उनको प्रशासनले 'सीबीपी वन' नामक 'एप' रद्द गरेपछि केही घण्टाअघि नै हजारौँ विदेशीहरूका आप्रवासनसम्बन्धी कामका लागि सरकारी अधिकारीसँग भेटका लागि समय निर्धारण गरिएकाहरूको तालिका पनि रद्द भएको थियो ।

उक्त 'एप' सीमा प्रवेशबिन्दुमा उपस्थितिको समय लिनका लागि प्रयोग गर्ने गरिन्थ्यो। आफ्नो शपथग्रहणपछिको मन्तव्यमा ट्रम्पले अमेरिकामा हुने 'सबै गैरकानुनी प्रवेश रोकिने' भन्दै दशौँ लाख 'अपराधी विदेशी'लाई देशनिकाला गरिने बताएका थिए।"हाम्रो देशलाई जोखिम र आक्रमणबाट रक्षा गर्नुभन्दा ठूलो जिम्मेवारी मसँग छैन," उनले अमेरिकी क्यापिटलमा गरेको सम्बोधनमा भनेका थिए।

**आप्रवासीलाई बन्दीगृह**

ट्रम्पले आवश्यक कागजात नभएका विदेशी आप्रवासीहरूलाई राख्न क्युबास्थित कुख्यात अमेरिकी सैनिक बन्दीकेन्द्र 'ग्वान्टनामो बे' मा हिरासत केन्द्र बनाइने पनि बताएका छन् ।

ट्रम्पले त्यहाँ ३० हजार गैरकानुनी आप्रवासीहरू राख्ने मिल्ने स्थान बनाइने बताएका हुन्।उनले क्युबास्थित अमेरिकी जलसेनाको आधार शिविर रहेको उक्त स्थानमा त्यहाँ रहेको उच्च सुरक्षायुक्त सैनिक जेलभन्दा अलग्गै त्यस्तो नयाँ आप्रवासी हिरासत केन्द्र बनाइने र त्यसमा "अमेरिकी जनताका लागि खतरा बनेका सबैभन्दा खराब अपराधी गैरकानुनी आप्रवासीहरूलाई" राखिने बताएका छन्। जन्मका आधारमा नागरिकता विवादमा

अमेरिकी भूमिमा जन्मेका शिशुहरू स्वतः त्यहाँको नागरिक हुने व्यवस्था अन्त्य गर्ने गरी राष्ट्रपति डोनल्ड ट्रम्पले गरेको कार्यकारी आदेश विवादमा परेको छ।

सिआटलका एक सङ्घीय न्यायाधीशले उक्त आदेशको कार्यान्वयनमा अस्थायी रोक लगाइदिएका थिए ।


मधेश प्रदेश सरकार

**श्रम तथा यातायात मन्त्रालय**

**जनकपुरधाम, धनुषा**

**सूचना ! सूचना !! सूचना !!!**

**प्रथम पटक सूचना प्रकाशन मितिः– २०८१/११/१५ गते**

मधेश प्रदेश, श्रम तथा यातायात मन्त्रालय, जनकपुरधामको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत "**मुख्यमन्त्री महिला स्वरोजगार कार्यक्रम (प्राविधिक, आर्थिक तथा वस्तुगत टेवा सहित)**" कार्यक्रमबाट आफु स्वरोजगार हुन एवं संचालनमा रहेको उद्यम व्यवसायमा थप रोजगार श्रृजना गर्नका लागि तपसिल अनुसारका योग्यता पुगेका महिलाहरुद्वारा संचालित नीजि/साझेदारी फर्म, उत्पादक समूह, सहकारी र कम्पनिहरुबाट आर्थिक/वस्तुगत सहयोग अनुदान प्राप्तिका लागि खुला रुपमा आवेदन माग गरिएको छ।

**अनुदानको सिमाः**

विभिन्न प्रकृति तथा क्षेत्रका व्यावसायीक गतिविधीका लागि देहाय अनुसार अनुदानको सिमा निर्धारण गरिएको छ।

(क) व्यक्तिगत लाभग्राहीलाई बढिमा रु. ५,००,०००।- (पाँच लाख) सम्म।

(ख) उत्पादक समूह बढिमा रु. १०,००,०००।- (दश लाख) सम्म।

(ग) सहकारी संस्था, निजि साझेदारी फर्म तथा कम्पनी बढिमा रु. १५,००,००।- (पन्द्र लाख) सम्म।

माथि उल्लेख गरिएको सिमा र महिला लाभग्राहीद्वारा प्रस्तावित परियोजनाको कुल लगानिको ५० प्रतिशत भन्दा कम रकम मध्ये कम अनुदान मात्र स्वीकृतिका लागि प्रक्रिया लगिने छ।

**आवेदकहरुको न्यूनतम योग्यताः**– कार्यक्रमको लाभग्राहीहरु देहाय अनुसारका रहेका छन्।

(क) स्वरोजगार भई नयाँ काम गर्ने चाहना भएका वा स्वरोजगारमुलक कार्यमा संलग्न महिलाहरु जो आफ्नो व्यावसायिक कार्य विस्तार गर्न चाहेको छ।

(ख) प्रदेश भित्रका वेरोजगार महिलाहरु जसले आफ्नो रोजगारका लागि कृषि तथा गैर कृषि क्षेत्रमा उत्पादनमुलक, सेवामुलक, ट्रेढ एवं व्यापार परम्परागत सिप एवं साँस्कृतिक व्यवसाय र सिपमा आधारीत अन्य नयाँ व्यावसायिक कारोवार गर्ने चाहना बोकेका वा गरिरहेको व्यावसायिक कार्य विस्तार गर्न चाहनेहरु।

(ग) नेपाल सरकारले तोकेको परिधिमा रहि महिलाहरुको नेतृत्वमा संचालनमा रहिरहेका समूह र निजि/साझेदारीको व्यावसायिक फर्महरु।

**नोटः**– योग्य आवेदकहरुले श्रम तथा यातायात मन्त्रालयको मधेश स्वरोजगार एप (link:https//molt.madhesh.gov.np) बाट सूचना प्रकाशन भएको मितिले १५ दिने भित्र अनलाईन आवेदन गरि सक्नु पर्नेछ। प्रथम छनौट सुचिमा परेका आवेदकहरुले मात्र आवेदनको प्रिन्टेड प्रति मन्त्रालयमा बुझाउनु पर्नेछ। आवेदन योग्य व्यावसायिक कार्य र आवेदकको योग्यताको बारेमा विस्तृत जानकारीको लागि मन्त्रालयको वेवसाइटमा हेर्नु होला।

**सम्पर्क व्यक्तिः** नविन कुमार शर्मा (शाखा अधिकृत) सम्पर्क नं. ९८४५४४२०१८

ANJANI SUITE
सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा

# लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/११/१५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

तपाई तपसिलका ऋणीहरुले यस विकास बैंकबाट लिनु भएको ऋण रकम यस बैंकसँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, व्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिएको छ । उल्लेखित मिति भित्रमा बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान नभएमा यस बैंकलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम विक्री गरी अथवा सो बाट आफ्नो लेना असुल उपर नभएमा तपाई ऋणी तथा सम्बद्ध पक्ष समेतको अन्य चल/अचल श्रीसम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून वमोजिम कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गरिनुका साथै तपाई ऋणी तथा सम्बद्ध सबैलाई समेत नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

## तपसिल

**क.सं. | ऋणीको विवरण**

### १. नाम : पेमपती देवी
पतिको नाम : हिरा हजरा दुसाध, ससुराको नाम : सरयुग हजरा दुसाध
ठेगाना : जयनगर चिउ - ८, रौतहट, हाल : वृन्दावन - ६, रौतहट
ना.प्र.प.नं. : १८०१/२४८६, जि.प्र.का. रौतहट, जारी मिति : २०४६/०३/२३
**शाखा कार्यालय : गरुडा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : अवधेश हजरा**<br>पतिको नाम : सुरेन्द्र हजरा दुसाध<br>ससुराको नाम : शिव हजरा दुसाध<br>ठेगाना : सखुअवा धमौरा - ८, रौतहट<br>हाल : वृन्दावन - ६, रौतहट<br>ना.प्र.प.नं. : ३२२०८४/२९४<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६९/०४/३२ | **२. नाम : अवधेश हजरा**<br>बाबुको नाम : हिरा हजरा दुसाध<br>बाजेको नाम : सरयुग हजरा दुसाध<br>ठेगाना : सखुअवा धमौरा - ८, रौतहट<br>हाल : वृन्दावन - ६, रौतहट<br>ना.प्र.प.नं. : ३२२०८४/२०५३<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७०/०९/२८ |
| **३. नाम : मैना देवी**<br>पतिको नाम : रम्भु हजरा<br>ससुराको नाम : हिरा हजरा दुसाध<br>ठेगाना : सखुअवा धमौरा - ८, रौतहट<br>हाल : वृन्दावन - ६, रौतहट<br>ना.प्र.प.नं. : ३३३०१९/२४४१<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/१०/२४ | **४. नाम : सुनिता कुमारी हजरा**<br>पतिको नाम : अवधेश हजरा<br>ससुराको नाम : हिरा हजरा दुसाध<br>ठेगाना : सखुअवा धमौरा - ८, रौतहट<br>हाल : वृन्दावन - ६, रौतहट<br>ना.प्र.प.नं. : ३२-०२-७६-०५४१४<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७६/११/१८ |
| **५. नाम : कमलेश हजरा**<br>बुवाको नाम : हिरा हजरा दुसाध<br>बाजेको नाम : सरयुग हजरा दुसाध<br>ठेगाना : सखुअवा धमौरा - ८, रौतहट<br>हाल : वृन्दावन - ६, रौतहट<br>ना.प्र.प.नं. : १०१९/५४४८<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६७/०४/१७ | **६. नाम : उषा कुमारी पासवान**<br>पतिको नाम : कमलेश हजरा<br>ससुराको नाम : हिरा हजरा दुसाध<br>ठेगाना : सखुअवा धमौरा - ८, रौतहट<br>हाल : वृन्दावन - ६, रौतहट<br>ना.प्र.प.नं. : ३२-०२-७६-०२३०८<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७६/११/२४ |

**धितोको विवरण**

पेमपती देवीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता रहेको सखुअवा धमौरा - ८, रौतहट स्थित कित्ता नं. १८०० र १२८१ को क्षेत्रफल क्रमशः ०-०-१५ र ०-०-५ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**ऋणीको विवरण**

### २. नाम : हरि नारायण चौधरी
बाबुको नाम : देव लाल चौधरी, बाजेको नाम : राम चन्द्र चौधरी
ठेगाना : मौवाही -३, सिरहा, हाल : सखुवानन्कारकट्टी -१, सिरहा
ना.प्र.प.नं. : १०५२/४०४/१, जि.प्र.का. सिरहा
जारी मिति : २०४४/१२/१०, **शाखा कार्यालय : लहान**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : राम कुमारी चौधरी**<br>पतिको नाम : हरि नारायण चौधरी<br>ससुराको नाम : देव लाल चौधरी<br>ठेगाना : मौवाही -३, सिरहा<br>हाल : सखुवानन्कारकट्टी -१, सिरहा<br>ना.प्र.प.नं. : स.सि.२८०४/६७४<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०४४/१२/१० | **२. नाम : रणधिर कुमार चौधरी**<br>बाबुको नाम : हरि नारायण चौधरी<br>बाजेको नाम : देव लाल चौधरी<br>ठेगाना : मौवाही -३, सिरहा<br>हाल : सखुवानन्कारकट्टी -१, सिरहा<br>ना.प्र.प.नं. : १५२०३६/१२७४<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०६६/०६/२५ |
| **३. नाम : दिनेश कुमार चौधरी**<br>बाबुको नाम : हरि नारायण चौधरी<br>बाजेको नाम : देव लाल चौधरी<br>ठेगाना : मौवाही -३, सिरहा<br>हाल : सखुवानन्कारकट्टी -१, सिरहा<br>ना.प्र.प.नं. : १५२०३६/२९२७<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०६७/०५/१८ | **४. नाम : सुनिता देवी चौधरी**<br>पतिको नाम : रणधिर कुमार चौधरी<br>ससुराको नाम : हरि नारायण चौधरी<br>ठेगाना : मौवाही -३, सिरहा<br>हाल : सखुवानन्कारकट्टी -१, सिरहा<br>ना.प्र.प.नं. : १५२०३६/२४७०५<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०७३/१०/०६ |

**धितोको विवरण**

राम कुमारी चौधरीको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता रहेको सिग्राही मटियर्वा -५, सिरहा स्थित कित्ता नं. ६२१ को क्षेत्रफल ०-०-१५-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**ऋणीको विवरण**

### ३. नाम : श्री गिरी बहुउद्देशीय कृषि फार्म प्रा.लि.
दर्ता गर्ने निकाय : कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौं
दर्ता नं. : २९३४६८/७८/०७९, दर्ता मिति : २०७९/०३/२३
ठेगाना : हात्तिलेट बर्दिबास - ८, महोत्तरी, **संचालक तथा शेयरधनी : दान लाल गिरी**

**नाम : दान लाल गिरी**
बाबुको नाम : चन्द्र लाल गिरी, बाजेको नाम : रन्जीत गिरी
ठेगाना : हात्तिलेट - २, महोत्तरी
ना.प्र.प.नं. : ०४९७२७२८, जि.प्र.का. महोत्तरी, जारी मिति : २०५९/०२/१३
**शाखा कार्यालय : लालबन्दी**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**नाम : पुनम गिरी**
पतिको नाम : दान लाल गिरी, ससुराको नाम : चन्द्र लाल गिरी
ठेगाना : बर्दिबास - १, महोत्तरी
ना.प्र.प.नं. : १७३०९२/१००१, जि.प्र.का. महोत्तरी, जारी मिति : २०६३/११/१५

**धितोको विवरण**

१. दान लाल गिरीको नाममा मालपोत कार्यालय बर्दिबास, महोत्तरीमा दर्ता रहेको २५ नं. बहादुर गञ्ज - ६/ख, महोत्तरी स्थित कित्ता नं. २१९ को क्षेत्रफल ०-३-० को जग्गा, सो जग्गामा बनेको घर र सो चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. पुनम गिरीको नाममा मालपोत कार्यालय बर्दिबास महोत्तरीमा दर्ता रहेको २५ नं. बहादुर गञ्ज - ६/ख, महोत्तरी स्थित कित्ता नं. १३०, २१८, २३६ र २३४ को क्षेत्रफल क्रमशः ०-३-१८-०, ०-७-०-०, ०-३-१०-० र ०-३-८-४ को जग्गा, सो जग्गामा बनेको घर र सो चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणीको विवरण**

### ४. नाम : पुजा ट्रेडर्स एण्ड सप्लायर्स
दर्ता गर्ने निकाय : प्रदेश सरकार, प्रदेश २ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहा
दर्ता नं. : १२८६८/२०७७/०७८, दर्ता मिति : २०७७/०७/२१
**संचालक/शेयरधनी/प्रोप्राइटर : पुनम कुमारी साफी, शाखा कार्यालय : लहान**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : सुरज सिंह रजक**<br>बाबुको नाम : जगरनाथ साफी<br>बाजेको नाम : लखन साफी<br>ठेगाना : त.गोविन्दपुर - ५, सिरहा<br>हाल : लहान - ५, सिरहा<br>ना.प्र.प.नं. : १५१००२/४<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०६४/०५/१६ | **२. नाम : पुनम कुमारी साफी**<br>पतिको नाम : सुरज सिंह रजक<br>ससुराको नाम : जगरनाथ साफी<br>ठेगाना : त.गोविन्दपुर - ५, सिरहा<br>हाल : लहान - ५, सिरहा<br>ना.प्र.प.नं. : १५२००२/१२९४२<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०७०/०३/३१ |

**धितोको विवरण**

पुनम कुमारी साफीको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता रहेको पडरीया - ९, सिरहा स्थित कित्ता नं. २४९५ र २४९७ को क्षेत्रफल क्रमशः ०-१-२-० र ०-१-०-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क.सं. | ऋणीको विवरण**

### ५. नाम : हरेराम ठाकुर
बाबुको नाम : रामपृत ठाकुर, बाजेको नाम : अनुप ठाकुर
ठेगाना : मधुपट्टी - ५, सप्तरी, हाल : सुरुङ्गा - ४, सप्तरी
ना.प्र.प.नं. : १६३०९६/४०४, जि.प्र.का. सप्तरी, जारी मिति : २०६३/११/०८
**शाखा कार्यालय : लहान**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : रामपृत ठाकुर**<br>बाबुको नाम : अनुप ठाकुर<br>बाजेको नाम : भिखारी ठाकुर<br>ठेगाना : मधुपट्टी - ९, सप्तरी<br>हाल : सुरुङ्गा - ४, सप्तरी<br>ना.प्र.प.नं. : ५६६३१५२१<br>जि.प्र.का. सप्तरी<br>जारी मिति : २०४४/०७/०१ | **२. नाम : कमली देवी ठाकुर**<br>पतिको नाम : रामपृत ठाकुर<br>ससुराको नाम: अनुप ठाकुर<br>ठेगाना : मधुपट्टी - ५, सप्तरी<br>हाल : सुरुङ्गा - ४, सप्तरी<br>ना.प्र.प.नं. : १६३०९६/४१३<br>जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६३/११/०८ |
| **३. नाम : रम्भा कुमारी ठाकुर**<br>पतिको नाम : हरेराम ठाकुर<br>ससुराको नाम : रामपृत ठाकुर<br>ठेगाना : सुरुङ्गा - ४, सप्तरी<br>ना.प्र.प.नं. : १६-०१-७५-०९५३४<br>जि.प्र.का. सप्तरी<br>जारी मिति : २०७५/१०/११ | **४. नाम : सियाराम ठाकुर**<br>बाबुको नाम : रामपृत ठाकुर<br>बाजेको नाम : अनुप ठाकुर<br>ठेगाना : सुरुङ्गा - ४, सप्तरी<br>ना.प्र.प.नं. : १६-०१-७९-०२३४४<br>जि.प्र.का. सप्तरी<br>जारी मिति : २०७९/०३/०७ |

**धितोको विवरण**

हरेराम ठाकुरको नाममा मालपोत कार्यालय राजबिराज, सप्तरीमा दर्ता कायम रहेको मधुपट्टी - ५, सप्तरी स्थित कि.नं. १२१ को क्षेत्रफल ०-८-२-० (विघा) जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणीको विवरण**

### ६. नाम : साकार एग्रो नेपाल प्रा.लि.
दर्ता नं. : २५६९३७/०७७/०७८, दर्ता मिति : २०७७/११/१२
रजिष्टर्ड कार्यालय : नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय
**संचालक/शेयरधनीहरु/प्रोप्राइटर : सन्तोष साह**

**नाम : सन्तोष साह**
बाबुको नाम : कपलेश्वर साह सुडी, बाजेको नाम : जुगे साह सुडी
ठेगाना : भाक्राहा -७, सिरहा, हाल : कल्याणपुर -१, सिरहा
ना.प्र.प.नं. : १५१०६४/२३५०, जि.प्र.का. सिरहा, जारी मिति : २०६६/११/२७
**शाखा कार्यालय : लहान**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : सन्तोष साह**<br>बाबुको नाम : कपलेश्वर साह सुडी<br>बाजेको नाम : जुगे साह सुडी<br>ठेगाना : भोकाहा - ७, सिरहा<br>हाल : कल्यानपुर - १, सिरहा<br>ना.प्र.प.नं. : १५१०६४/२३५०<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०६६/११/२७ | **२. नाम : कपलेश्वर साह सुडी**<br>बाबुको नाम : जुगे साह सुडी<br>बाजेको नाम : मुनर साह सुडी<br>ठेगाना : निर्दना - ७, सिरहा<br>हाल : कल्याणपुर - १, सिरहा<br>ना.प्र.प.नं. : २०८३१०१३<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०३५/०८/०४ |

**३. नाम : निशा साह**
पतिको नाम : सन्तोष साह, ससुराको नाम : कपलेशवर साह सुडी
ठेगाना : भोक्राहा - ४, सिरहा, हाल : कल्याणपुर - १, सिरहा
ना.प्र.प.नं. : १५१०६४/१९०६३, जि.प्र.का. सिरहा, जारी मिति : २०६८/१०/२२

**धितोको विवरण**

१. कपलेश्वर साह सुडीको नाममा मालपोत कार्यालय सिराहामा दर्ता रहेको बिष्णुपुर प्र.रा. - ७, सिरहा स्थित कित्ता नं. ३२६८ को क्षेत्रफल ०-१-०-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. सन्तोष साहको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता रहेको असनपुर -६, सिरहा स्थित कित्ता नं. ११६० को क्षेत्रफल ०-०-९-० (विघा) र मालपोत कार्यालय सिराहामा दर्ता रहेको विष्णुपुर प्र.रा. -८, सिरहा स्थित कित्ता नं. ३२३२ को क्षेत्रफल ०-२-७-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**ऋणीको विवरण**

### ७. नाम : कुम कुम कस्मेटिक पसल
दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योगे कार्यालय
दर्ता नं : ५९३३/६७१/८५, दर्ता मिति : २०७४/१२/१५
ठेगानाः चन्द्रपुर - ६, रौतहट, **संचालक/शेयरधनी/प्रोप्राइटर : राम प्रसाद गोसाई**

**नाम : राम प्रसाद गोसाई**
बाबुको नाम : निरस गोसाई, बाजेको नाम : तखन गोसाइ
ठेगाना : भलोहिया - ९, रौतहट, हाल : चन्द्रपुर - ५, रौतहट
ना.प्र.प.नं. : ९२०, जि.प्र.का. रौतहट, जारी मिति : २०४३/१०/०

**नाम : अनिल गोसाइ**
बाबुको नाम : राम प्रसाद गोसाई, बाजेको नाम : निरस गोसाई
ठेगाना : चन्द्रनिगाहपुर - ६, रौतहट, हाल : चन्द्रपुर - ५, रौतहट
ना.प्र.प.नं. : ३२२०८४/२५९६, जि.प्र.का. रौतहट, जारी मिति : २०६९/११/१५
**शाखा कार्यालय : चन्द्रनिगाहपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : निलम देवी**<br>पतिको नाम : राम प्रसाद गोसाई<br>ससुराको नाम : निरस गोसाई<br>ठेगाना : भलोहिया - ९, रौतहट<br>हाल : चन्द्रपुर - ५, रौतहट<br>ना.प्र.प.नं. : ३१८, जि.प्र.का. रौतहट<br>जारी मिति : २०५२/०८/०५ | **२. नाम : राम प्रसाद गोसाई**<br>बाबुको नाम : निरस गोसाई<br>बाजेको नाम : तखन गोसाइ<br>ठेगाना : भलोहिया - ९, रौतहट<br>हाल : चन्द्रपुर - ५, रौतहट<br>ना.प्र.प.नं. : ९२०, जि.प्र.का. रौतहट<br>जारी मिति : २०४३/१०/०६ |
| **३. नाम : रिङ्की कुमारी गोसाई**<br>पतिको नाम : अनिल गोसाइ<br>ससुराको नाम : राम प्रसाद गोसाई<br>स्थायी ठेगाना: चन्द्रपुर - ३, रौतहट<br>हाल : चन्द्रपुर - ५, रौतहट<br>ना.प्र.प.नं. : ३२२०८०/२९१०<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७३/०३/१४ | **४. नाम : अनिल गोसाइ**<br>बाबुको नाम : राम प्रसाद गोसाई<br>बाजेको नाम : निरस गोसाई<br>ठेगान : चन्द्रनिगाहपुर - ६, रौतहट<br>हाल : चन्द्रपुर - ५, रौतहट<br>ना.प्र.प.नं. : ३२२०८४/२५९६<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६९/११/१५ |

**धितोको विवरण**

१. राम प्रसाद गोसाईको नाममा मालपोत कार्यालय चन्द्रपुरमा दर्ता श्रेष्ता कायम रहेको चन्द्रपुर - ६, रौतहट स्थित कित्ता नं. ४९४ को क्षेत्रफल ०-१-०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. राम प्रसाद गोसाईको नाममा मालपोत कार्यालय चन्द्रपुरमा दर्ता श्रेष्ता कायम रहेको डुमरिया - १, रौतहट स्थित कित्ता नं. ९०८ को क्षेत्रफल ०-४-१५-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**ऋणीको विवरण**

### ८. नाम : जितेन्द्र कुमार यादव
बाबुको नाम : भागिरथ यादव, बाजेको नाम : डोमी यादव
ठेगाना : कनकपट्टी - १, धनुषा, हाल : जनकपुर - २, धनुषा
ना.प्र.प.नं. : ४२१३२३३४, जि.प्र.का. धनुषा, जारी मिति : २०५४/०४/०५
**शाखा कार्यालय : जनकपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : ममता देवी यादव**<br>पतिको नाम : जितेन्द्र कुमार यादव<br>ससुराको नाम : भागिरथ यादव<br>ठेगाना : कनकपट्टी - १, धनुषा<br>हाल : जनकपुर - २, धनुषा<br>ना.प्र.प.नं. : १७३०६४/९०<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/११/०६ | **२. नाम : निक्की यादव**<br>बाबुको नाम : जितेन्द्र कुमार यादव<br>बाजेको नाम : ममता देवी यादव<br>ठेगाना : जनकपुर - १७, धनुषा<br>हाल : जनकपुर - २, धनुषा<br>ना.प्र.प.नं. : १७-०१-८०-०७१८३<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०८०/०४/१० |

**धितोको विवरण**

जितेन्द्र कुमार यादवको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको जनकपुर - २, धनुषा स्थित कित्ता नं. २४२ को क्षेत्रफल ०-०-१०-० (विगहा) को जग्गा, सो जग्गामा बनेको घर र सो चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**क.सं. | ऋणीको विवरण**

### ९. नाम : चौधरी बिज भण्डार
दर्ता गर्ने निकाय : वाणिज्य आपूर्ति तथा संरक्षण कार्यालय, कलैया, बारा
दर्ता नं. : २८११/०७६/०७७, दर्ता मिति : २०७६/०५/०७
पान नं. : ६१२४८२३४०, दर्ता मिति : २०७६/०८/०५
ठेगाना : करैयामाई - ८, बारा
**प्रोप्राइटर : मन्जु देवी चौधरी, शाखा कार्यालय : वीरगंज**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : दिनेश चौधरी**<br>बाबुको नाम : जानकी दास बातर<br>बाजेको नाम : हुसेनी दास बातर<br>ठेगाना : करैयामाई - ८, बारा<br>ना.प्र.प.नं. : १५२३२/१५३४/२५६४<br>जि.प्र.का. बारा<br>जारी मिति : २०५५/०१/२० | **२. नाम : मन्जु देवी चौधरी**<br>पतिको नाम : दिनेश चौधरी<br>ससुराको नाम : जानकी दास बातर<br>ठेगाना : करैयामाई - ८, बारा<br>ना.प्र.प.नं. : २०१९/१३०६<br>जि.प्र.का. बारा<br>जारी मिति : २०६२/०९/१० |
| **३. नाम : अजय चौधरी**<br>बाबुको नाम : दिनेश चौधरी<br>बाजेको नाम : जानकी दास बातर<br>ठेगाना : करैयामाई - ८, बारा<br>ना.प्र.प.नं. : ३३-०१-७६-११८३८<br>जि.प्र.का. बारा<br>जारी मिति : २०७६/१०/२६ | **४. नाम : राकेश चौधरी**<br>बाबुको नाम : दिनेश चौधरी<br>बाजेको नाम : जानकी दास बातर<br>ठेगाना : करैयामाई - ८, बारा<br>ना.प्र.प.नं. : ३३-०१-७८-११८५०<br>जि.प्र.का. बारा<br>जारी मिति : २०७८/०९/१९ |

**धितोको विवरण**

दिनेश चौधरीको नाममा मालपोत कार्यालय बारामा दर्ता रहेको नरही - १, बारा स्थित कित्ता नं. २७ को क्षेत्रफल ०-१-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**ऋणीको विवरण**

### १०. नाम : शिवम इलेक्ट्रीक सेन्टर एण्ड जेनरल सप्लायर्स
दर्ता गर्ने निकाय : नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, गौर
दर्ता नं. : ४२३४/०७७/०७८, दर्ता मिति : २०७७/१०/१६
ठेगाना : गौर - ५, रौतहट, **संचालक तथा शेयरधनी : पुष्पा गुप्ता**

**नाम : पुष्पा गुप्ता**
बाबुको नाम : प्रेम शंकर प्रसाद, बाजेको नाम : जयकृष्ण प्रसाद हलुवाइ
ठेगाना : गौर - ३, रौतहट
ना.प्र.प.नं. : ३२-०१-७३-१०५६०, जि.प्र.का. रौतहट, जारी मिति : २०७३/१२/३१
**शाखा कार्यालय : गौर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : प्रेम शंकर प्रसाद**<br>बाबुको नाम : जयकृष्ण प्रसाद हलुवाइ<br>बाजेको नाम : हित लाल हलुवाइ<br>ठेगाना : गौर - ८, रौतहट<br>ना.प्र.प.नं. : १४४४<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०४४/१२/१३ | **२. नाम : जगतारण देवी हलुवाइ**<br>पतिको नाम : प्रेम शंकर प्रसाद<br>ससुराको नाम : जयकृष्ण प्रसाद हलुवाइ<br>ठेगाना : गौर - ८, रौतहट<br>ना.प्र.प.नं. : ३२१००१/१०८३<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६८/०३/२७ |

**धितोको विवरण**

प्रेम शंकर प्रसादको नाममा मालपोत कार्यालय चन्द्रपुरमा दर्ता रहेको डुमरीया (म) - ४, रौतहट स्थित कित्ता नं. १९६९ को क्षेत्रफल ०-३-०-० को जग्गा, सो जग्गामा बनेको घर र सो चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणीको विवरण**

### ११. नाम : पवन नर्सरी
दर्ता गर्ने निकाय : नेपाल सरकार, घरेलु तथा साना उद्योग कार्यालय, मंलगवा सर्लाही
दर्ता नं. : ३७७३/०६५/०६६, दर्ता मिति : २०६६/०१/२२
ठेगाना : नेत्रगंज - ९, सर्लाही, **संचालक तथा शेयरधनी : हिरा लाल महतो**

**नाम : हिरा लाल महतो**
बाबुको नाम : जगाई महतो, बाजेको नाम : रौदी महतो
ठेगाना : नेत्रगंज - ९, सर्लाही
ना.प्र.प.नं. : ६६४८०८९३, जि.प्र.का. सर्लाही, जारी मिति : २०४९/११/१०
**शाखा कार्यालय : लालबन्दी**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : पवन सिंह**<br>बाबुको नाम : हिरालाल महतो<br>बाजेको नाम : जगाई महतो<br>ठेगाना : नेत्रगंज - ९, सर्लाही<br>ना.प्र.प.नं. : १९/२०९७/५७२<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६९/०२/२५ | **२. नाम : घुर्नी देवी**<br>पतिको नाम : हिरालाल महतो<br>ससुराको नामः जगाई महतो<br>ठेगाना : नेत्रगंज - ९, सर्लाही<br>ना.प्र.प.नं. : ६६४८०९५४<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०५१/०१/२६ |

**३. नाम : श्रवण कुमार सिह**
बाबुको नाम : हिरालाल महतो, बाजेको नाम : जगाई महतो
ठेगाना : नेत्रगंज - ९, सर्लाही
ना.प्र.प.नं. : ६६४८११६९, जि.प्र.का. सर्लाही, जारी मिति : २०६३/०६/०९

**धितोको विवरण**

हिरालाल महतोको नाममा मालपोत कार्यालय हरिवन सर्लाहीमा दर्ता रहेको हरीपुर - ९ ख, सर्लाही स्थित कि.नं. २६६, २२७, ३२२, र ३२३ को क्षेत्रफल क्रमशः ०-१०-०, ०-१-१०, ०-६-११ र ०-६-० को जग्गा, सो जग्गामा बनेको घर र सो चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणीको विवरण**

### १२. नाम : श्री एम एस प्रेम सागर खाद्यान उद्योग
दर्ता गर्ने निकाय : नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग
दर्ता नं. : १३११६/५८४/०७९/०८०, दर्ता मिति : २०७९/११/१०
कार्यालय ठेगाना : बिश्रामपुर - ५, बारा
**प्रोपाईटर : अनिता कुमारी, शाखा कार्यालय : वीरगंज**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : संदेश प्रसाद**<br>बाबुको नाम : शिवनाथ रौनियार<br>बाजेको नाम : बेनी साह रौनियार<br>ठेगाना : बंहुअरी पिडरी - २, बारा<br>हाल : बहुदरमाई - ४, पर्सा<br>ना.प्र.प.नं. : ०५१८३०४८<br>जि.प्र.का. बारा<br>जारी मिति : २०६३/०७/१४ | **२. नाम : अनिता कुमारी**<br>पतिको नाम : संदेश प्रसाद<br>ससुराको नामः शिवनाथ रौनियार<br>ठेगाना : कलैया - ४, बारा<br>हाल : बहुदरमाई - ४, पर्सा<br>ना.प्र.प.नं. : ३३१०५५/११६०८<br>जि.प्र.का. बारा<br>जारी मिति : २०६५/१२/०५ |

**धितोको विवरण**

अनिता कुमारीको नाममा मालपोत कार्यालय बारामा दर्ता रहेको नकटुवा - ७, बारा स्थित कित्ता नं. १०२ र १०४ को क्षेत्रफल क्रमशः १५२.३७ र १६०.८५ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**ऋणीको विवरण**

### १३. नाम : शे. इसराफिल
बाबुको नाम : शेख अमरुल्लाह, बाजेको नाम : शेख फरीद
ठेगाना : लौकाहा - ५, रौतहट, हाल : परोहा - ४, रौतहट
ना.प्र.प.नं. : ३४७/६८६२, जि.प्र.का. रौतहट, जारी मिति : २०४५/०१/२२
**शाखा कार्यालय : गौर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : शेख जमसैद आलम**<br>बाबुको नाम : शे. इसराफिल<br>बाजेको नाम : शेख अमरुल्लाह<br>ठेगाना : लौकाहा - ५, रौतहट<br>हाल : परोहा - ४, रौतहट<br>ना.प्र.प.नं. : ३२-०१-७१-०३९००<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७१/०७/१० | **२. नाम : हजरा खातुन**<br>पतिको नाम : शे. इसराफिल<br>ससुराको नाम : शेख अमरुल्लाह<br>ठेगाना : लौकाहा - ५, रौतहट<br>हाल : परोहा - ४, रौतहट<br>ना.प्र.प.नं. : ३/१३<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०४६/०८/२८ |

**धितोको विवरण**

शे.इसराफिलको नाममा मालपोत कार्यालय गौरमा दर्ता रहेको लौकाहा - ५ क, रौतहट स्थित कित्ता नं. ८८ को क्षेत्रफल ०-१-३ को जग्गा, सो जग्गामा बनेको घर र सो चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**क.सं. | ऋणीको विवरण**

### १४. नाम : रविन्द्र यादव
बाबुको नाम : सीताशरण राय, बाजेको नाम : राम वृक्ष राय
ठेगाना : सम्सी - ४, महोत्तरी, हाल : हरीपूर्वा - ७, महोत्तरी
ना.प्र.प.नं. : १८३०४५/७८, जि.प्र.का. महोत्तरी, जारी मिति : २०७०/०२/२७
**शाखा कार्यालय : लालबन्दी**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : सीताशरण राय**<br>बाबुको नाम : राम वृक्ष राय<br>बाजेको नाम : जुवा राय<br>ठेगाना : गैढा भेटपुर - २, महोत्तरी<br>हाल : हरीपूर्वा - ७, महोत्तरी<br>ना.प्र.प.नं. : ३०६६२११९<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४५/०२/०६ | **२. नाम : सुशिला देवी राय**<br>पतिको नाम : सीताशरण राय<br>ससुराको नाम : राम वृक्ष राय<br>ठेगाना : गैढा भेटपुर - २, महोत्तरी<br>हाल : हरीपूर्वा - ७, महोत्तरी<br>ना.प्र.प.नं. : ३०६९२५९५<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५६/०१/२३ |
| **३. नाम : ललिन्द्र यादव**<br>बाबुको नाम : सीताशरण राय<br>बाजेको नाम : राम वृक्ष राय<br>ठेगाना : गैढा भेटपुर - २, महोत्तरी<br>हाल : हरीपूर्वा - ७, महोत्तरी<br>ना.प्र.प.नं. : १८-०१-७३-००२३०<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७३/०१/०९ | **४. नाम : शलिन्द्र यादव**<br>बाबुको नाम : सीताशरण राय<br>बाजेको नाम : राम वृक्ष राय<br>ठेगाना : गैढा भेटपुर - २, महोत्तरी<br>हाल : हरीपूर्वा - ७, महोत्तरी<br>ना.प्र.प.नं. : १८-०१-७६-०५५२२<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७६/०५/२४ |

**धितोको विवरण**

१. सीताशरण रायको नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीमा दर्ता रहेको सन्तपुर वसन्तपुर - ३ ख, सर्लाही स्थित कित्ता नं. ८९२ को क्षेत्रफल ०-१-०-० को जग्गा, सो जग्गामा बनेको घर र सो चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. धनि लुम्बिनी बिकास बैंक लिमिटेड र ऋणी रविन्द्र यादव भई यातायात व्यवस्था कार्यालय विरगंज, पर्सामा दर्ता कायम सवारी साधन नं. प्र.-२-०३-०० त ३७०९ कायम रहेको ट्राक्टर ।

**ऋणीको विवरण**

### १५. नाम : अर्चना डेरी प्रा.लि
दर्ता गर्ने निकाय : कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौं
दर्ता नं. : २७८८८१/०७८/०७९, दर्ता मिति : २०७८/०८/२०
ठेगाना : बरहथवा - ३, सर्लाही, **संचालक तथा शेयरधनी : अर्चना बस्नेत महतो**

**अर्चना बस्नेत महतो**
पतिको नाम : सुरेश महतो, ससुराको नाम : राम दयाल महतो
ठेगाना : हजारिया - ५, सर्लाही
ना.प्र.प.नं. १९/२०८३/२८९, जि.प्र.का. सर्लाही, जारी मिति : २०६७/०९/१८
**शाखा कार्यालय : लालबन्दी**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : सुरेश महतो**<br>बाबुको नाम : राम दयाल महतो<br>बाजेको नाम : सुख लाल महतो<br>ठेगाना : बरहथवा - ३, सर्लाही<br>ना.प्र.प.नं. : ३५१७११८३<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६३/०८/१३ | **२. नाम : मनटुरीया देवी**<br>पतिको नाम : राम दयाल महतो<br>ससुराको नामः सुख लाल महतो<br>ठेगाना : सन्दिरपुर - ७, सर्लाही<br>ना.प्र.प.नं. : ९११४२३७८<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०५६/०३/३ |

**३. नाम : राम दयाल महतो**
बाबुको नाम : सुख लाल महतो, बाजेको नाम : झप्सी महता
ठेगाना : बत्रौल - ८, सर्लाही
ना.प्र.प.नं. : १०३६०७१३, जि.प्र.का. सर्लाही, जारी मिति : २०४४/१२/२८

**धितोको विवरण**

अर्चना डेरी प्रा.लि. को नाममा मालपोत कार्यालय बरहथवा सर्लाहीमा दर्ता रहेको हजरीया - ६, सर्लाही स्थित कित्ता नं. ९३० को क्षेत्रफल ०-१-१५ को जग्गा, सो जग्गामा बनेको घर र सो चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणीको विवरण**

### १६. नाम : विमलेश कुमार यादव
बाबुको नाम : सीफल राय यादव, बाजेको नाम : दयाराम राय यादव
ठेगाना : हरिपुर्वा - ७, सर्लाही
ना.प्र.प.नं. : १९-०१-७६-०५०६६, जि.प्र.का. सर्लाही, जारी मिति : २०७६/०३/२२
**शाखा कार्यालय : लालबन्दी**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : सीफल राय यादव**<br>बाबुको नाम : दयाराम राय यादव<br>बाजेको नाम : वसदेव राय<br>ठेगाना : वसन्तपुर - ३, सर्लाही<br>ना.प्र.प.नं. : ८२७७३३१७<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०४५/०२/०५ | **२. नाम : सुरतिया देवी**<br>पतिको नाम : सीफल राय यादव<br>ससुराको नाम : दयाराम राय यादव<br>ठेगाना : वसन्तपुर - ३, सर्लाही<br>ना.प्र.प.नं. : १९३०५०/४३०<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६३/१२/२७ |

**धितोको विवरण**

१. सीफल राय यादवको नाममा मालपोत कार्यालय मलांगवा सर्लाहीमा दर्ता रहेको सन्तपुर बसन्तपुर - ६/क, सर्लाही स्थित कि.नं. ५२६ र ७८८ को क्षेत्रफल क्रमशः ०-०-६-८ र ०-०-४ तथा सन्तपुर बसन्तपुर - ९/ख, सर्लाही स्थित कि.नं. ६२० र ३२४ को क्षेत्रफल क्रमशः ०-१-११ र ०-०-११$^{3/4}$ को जग्गा, सो जग्गामा बनेको घर र सो चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. सुरतिया देवीको नाममा मालपोत कार्यालय मलांगवा सर्लाहीमा दर्ता रहेको सन्तपुर बसन्तपुर - ६/क, सर्लाही स्थित कि.नं. ७०७, ७१० र ५३५ को क्षेत्रफल क्रमशः ०-०-२, ०-०-३ र ०-०-२ को जग्गा, सो जग्गामा बनेको घर र सो चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणीको विवरण**

### १७. नाम : चौहान सप्लायर्स
दर्ता गर्ने निकाय : वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग
दर्ता नं. : ३२११३/०७०/७१। दर्ता मिति : २०७०/१२/१९
रजिष्टर्ड ठेगाना : पोखरीया - ४, पर्सा
**प्रोप्राईटर : लालसा देबी, शाखा कार्यालय : पोखरीया**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : लालमती देबी चाई**<br>पतिको नाम : रामनाथ महतो<br>ससुराको नाम : रघुनन्दन महतो<br>ठेगाना : मानिकपुर - २, पर्सा<br>हाल : पकाहामैनपुर - २, पर्सा<br>ना.प्र.प.नं. : ९१५५०२३०<br>जि.प्र.का. पर्सा<br>जारी मिति : २०३५/०७/१३ | **२. नाम : लालसा देबी**<br>पतिको नाम : राजेश प्रसाद चौहान<br>ससुराको नाम : रामनाथ महतो<br>ठेगाना : सुर्जाहा - २, पर्सा<br>हाल : पकाहामैनपुर - २, पर्सा<br>ना.प्र.प.नं. : ३४३०८०/५०<br>जि.प्र.का. पर्सा<br>जारी मिति : २०७०/०२/१७ |

**३. नाम : राजेश प्रसाद चौहान**
बाबुको नाम : रामनाथ महतो, बाजेको नाम : रघुनन्दन महतो
ठेगाना : सुर्जाहा - २, पर्सा, हाल : पकाहामैनपुर - २, पर्सा
ना.प्र.प.नं. : ३४३०८०/५०, जि.प्र.का. पर्सा, जारी मिति : २०६३/१२/२५

**धितोको विवरण**

राजेश प्रसाद चौहानको नाममा मालपोत कार्यालय पर्सामा दर्ता रहेको सुर्जाहा -२, मानिपुर स्थित कित्ता नं. १४७, १५६ र १६३ को, क्षेत्रफल क्रमशः ०,०४२१.८३ ०,०६९७.५० र ०,१५१२ ब.मी को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय: सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,
फ्याक्स नं. ०१-४५१३५२६

# नेता यादवद्वारा निष्पक्ष छानबिन गरी कारबाहीको माग



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामस्थित रामस्वरुप रामसागर बहुमुखी क्याम्पसमा कर्मचारीहरु बीच भएको विवादलाई लिएर नेकपा माओवादी केन्द्रका उपमहासचिव मातृकाप्रसाद यादवले छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरेका छन् ।

राराब क्याम्पसका प्रमुख बसन्त कर्णको कार्यकक्षमै भएको कर्मचारीहरु बीचको विवादले उग्ररुप लिएपछि कुटाकुटसमेत भएको थियो । सो कुटपिटमा परी केही कर्मचारीहरु घाइते पनि भएका थिए । सोही घटनाप्रति चासो व्यक्त गर्दै पूर्वमन्त्रीसमेत रहेका माओवादी केन्द्रका मधेश प्रदेश इन्चार्ज यादवले सामाजिक सञ्जालमा स्टेटस लेख्दै कर्मचारी कुट्ने दोषी कर्मचारीलाई कारबाही गर्न माग गरे ।

उनले समाजिक सञ्जालमा लेखेका छन्, 'नेपाल राष्ट्रीय कर्मचारी संगठनका केन्द्रीय उपाध्यक्ष सुरेन्द्र यादव, अखिल (क्रांतिकारी) धनुषाका अध्यक्ष वृकेश अधिकारी र राराब अखिल (क्रान्तिकारी) इकाइ अध्यक्ष सुशान्त यादव लगायत त्यहाँ अध्ययनरत विद्यार्थीहरूमाथि भएको सांघातिक आक्रमणको निष्पक्ष छानबिन तथा दोषीमाथि कारबाहीको माग गर्दछु ।'

परीक्षाको विषयलाई लिएर शुरु भएको विवाद फाइटिगंसम्म पुगेको थियो । सो घटनामा ४ जना घाइते भएका थिए । घटनाको प्रहरीले पनि अनुसन्धान भइरहेको धनुषा प्रहरीले जनाएको छ ।

# चक्काजामसहित संघर्षका कार्यक्रम घोषणा

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको अग्नीसाइर कृष्णासवरन गाउँपालिकामा स्थानीय दलहरुले संयुक्तरुपमा दोश्रो चरणको एक हप्ते आन्दोलनका कार्यक्रम घोषणा गरेका छन् ।




जिल्लाको कलौनी सीतापुर स्थित इटहर्वा बजारमा बुधबार पत्रकार सम्मेलन गर्दै ६ दलीय गठबन्धनद्वारा चक्काजामसहितको एक हप्ते संघर्षका कार्यक्रम सार्वजनिक गरेका छन् ।

छ दलीय गठबन्धनद्वारा घोषित संघर्षका कार्यक्रममा अन्तरक्रिया, मसाल जुलुस, रिले अनशन र २ घण्टे चक्काजामसहितको फागुन १५ देखि २१ गते सम्मका विरोधका कार्यक्रम रहेको छ ।

घोषित कार्यक्रम अनुसार २०८१ फागुन १५ गते स्थानीय सर्वदलीय बैठक बस्ने, १६ गते नागरिक समाज संघसंस्थाका प्रतिनिधिसंग अन्तरक्रिया छलफल गर्ने, फागुन १७ गते स्थानीय जनप्रतिनिधिहरुसंग अन्तरक्रिया छलफल गर्ने, फागुन १८ गते भूमि समस्या आयोग जिल्ला समिति सप्तरीलाई ध्यानाकर्षण पत्र बुझाउने, फागुन १९ गते जिल्लाका प्रमुख राजनितीक दलका अध्यक्षहरुसंग अन्तरक्रिया गर्ने, फागुन २० गते एकघण्टा रिले अनशन बस्ने तथा गाउँपालिकाका स्थानीय आम जनताहरुसंग बृहत् अन्तरक्रिया गर्ने तथा मसाल जूलूस प्रदर्शन गर्ने, फागुन २१ गते पूर्वपश्चिम राजमार्गमा २ घण्टा चक्काजाम गर्ने संघर्षका कार्यक्रम रहेको छ ।

सो सम्मेलनमा बोल्दै नेकपा माओवादी केन्द्रका गाउँपालिका संयोजक बेचन चौधरीले यसअघिको ३ दिने अल्टिमेटमसहितको संघर्षका कार्यक्रमबाट सुनुवाइ नभएपछि थप संघर्षमा जानुपरेको बताए । उनले माग सम्बोधन गर्नुभन्दा स्थानीय प्रशासन आन्दोलनलाई दबाउन उद्दत्त देखिएको भन्दै आक्रोश पोखे ।

नेपाली काँग्रेसका गाउँपालिका अध्यक्ष अशोक चौधरीले नेपालको संबिधानमै ग्यारेन्टी भएको बजारको सार्वजनिक सरकारी सम्पत्ति तोडफोड गर्नु विधिको शासन र कानुनी राज्यको उपहास भएको बताए । सार्वजनिक जग्गा नापजाँच ऐन २०१९ ले हाट बजार, घर बाटोसहितका सरकारी संरचना भएको जग्गा सार्वजनिक हुने कानूनी व्यवस्था विपरीत प्रशासनले बलपूर्वक परापूर्वकालदेखी निर्मित सरकारी संरचना हटाउनु कानून विपरीत भएको दाबी गरे ।

भु-माफियाको उक्साहटमा पुर्व सूचना विना छापामार शैलीमा गरिएको तोडफोड कानुनी राज्यको उपहास भएको बताउँदै उनले कानुनलाई चुनौती दिने सिडिओ एसपीलाई निलम्बन गरि छानवीन गर्नुपर्ने माग राखे ।

नेकपा एमालेका सचीव विनोद कुमार चौधरीले प्रहरी ज्याजतिको विरोध गर्दै यस्तो रबैया कायम राखे सहनीय नहुने चेतावनी दिए । उनले दोश्रो चरणको शान्तिपूर्ण आन्दोलनबाट समेत माग सम्बोधन नभए सशक्त आन्दोलनमा उत्रीने बताए ।

जसपा नेपालका अध्यक्ष मिलन कुमार चौधरीले चालीस बर्षदेखी बजारले हकभोग गर्दै आएको सार्वजनिक जग्गा निजीकरण गर्न खोजिए मान्य हुने बताए । उनले बजारको जग्गामाथी बकदृष्टी राख्ने विरुद्ध प्रतिकारमा उत्रीने चेतावनी दिए ।

पत्रकार सम्मेलनमा जनमत पार्टीका गाउँपालिका अध्यक्ष दुर्गानन्द यादव, नागरिक उन्मुक्ति पार्टीका संयोजक लखनलाल चौधरीलगायत ६ दलका विभिन्न तहका स्थानीय नेताहरुको उपस्थिति थियो ।

कार्यक्रम संचालन नागरिक उन्मुक्ति पार्टीका केन्द्रीय सचिब तुलसी थारुले गरेका थिए । गत फागुन ११ गते कडा सुरक्षा घेराभित्र इटहर्वा बजारमा परपुर्वकलमै निर्मित सरकारी संरचना डोजर लगएर तोडफोड गरेपछि स्थानीय ६ राजनीतिक दल विरोधमा उत्रिएका छन् ।

सरकारी संरचना हटाउन सहयोग गरेको भन्दै सप्तरीका सिडिओ भोला दाहाल र एसपी ढकेन्द्र खतिवडालाई निलम्बन गर्नुपर्ने र सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्नेसहित माग राखी ६ राजनीतिक दलले विभिन्न चरणबद्ध आन्दोलन गर्दै आएका छन् ।

# डान्सबारबाट महिलासहित पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीकोऔरहीस्थितअवैध डान्सबारबाट महिलासहित ११ जनालाई प्रहरीले नियन्त्रणमा लिएर कारबाही थालेको जनाएको छ ।

जिल्लाको औरही नगरपालिका-२ स्थित ब्लयाक एण्ड व्हाइट डान्सबारबाट ८ महिला र ३ पुरुषलाई इलाका प्रहरी कार्यालय गौशालाबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

उनीहरूले डान्सबार सञ्चालन गर्न सम्बन्धित निकायबाट स्वीकृति नलिएको र महिला कर्मचारी राखेर सामाजिक मूल्य मान्यतामा असर पुऱ्याउने कार्य गरेको महोत्तरी प्रहरीको भनाइ छ ।

सोमबार राति पक्राउ परेका ११ जनालाई मंगलबार अभद्र व्यवहारको मुद्दामा म्याद थप गराई अनुसन्धान भइरहेको छ ।

# अवैध औषधि पसलमा छड्के अनुगमन

**दिलीप पाण्डे**

रौतहट । रौतहटको चन्द्रपुर नगरपालिका लगायत विभिन्न स्थानहरूमा सञ्चालित औषधि पसलमा औषधि व्यवस्था विभाग, वीरगञ्ज शाखाले छड्के अनुगमन गरेको छ । अनुगमनका क्रममा अनुमति बिना सञ्चालनमा रहेका औषधि पसलहरू पत्ता लागेका छन् भने केही पसलका सञ्चालक अनुगमन टोली आएपछि पसल बन्द गरेर भागेको पाइएको छ ।




औषधि व्यवस्था विभाग शाखा कार्यालय वीरगञ्जका प्रमुख अरविन्द बानियाको नेतृत्वमा आएको अनुगमन टोलीले दर्ता बिना सञ्चालनमा रहेका औषधि पसलहरूमा शिलबन्दी गरेको छ । टोलीले चपुर सिटी अस्पतालको औषधि पसल, डल्फिन फार्मेसी र आयु मेडिकल हल दर्ता नभएको भेटिएपछि तत्काल तालाबन्दी गरेको छ ।

अनुगमनका क्रममा राजमार्गमा रहेको हाइवे ट्रमा सेन्टरको औषधी पसल दर्ता प्रक्रियामा रहेको पाइएको छ । अनुगमन टोलीले उक्त औषधि पसललाई ७ दिनभित्र दर्ता प्रक्रिया पूरा गर्न निर्देशन दिएको छ ।

यस्तै, हिमालय मेडिकल हल लगायतका औषधि पसलहरूलाई कागजात नवीकरण गर्न ७ दिनको समय दिइएको छ । ती पसलहरूलाई औषधि व्यवस्था विभाग वीरगञ्ज शाखासँग सम्पर्क गर्न जानकारी गराइएको छ ।

अनुगमन टोलीले मौलापुरमा रहेको पटेल मेडिकल हलका सञ्चालक ओम प्रकाश पटेलविरुद्ध रौतहट जिल्ला अदालत गौरमा औषधि ऐन २०३५ अनुसार मुद्दा दर्ता गरेको छ । पटेलले अनुमति बिना औषधि पसल सञ्चालन गरेको र दर्ता नभएका औषधि बिक्री तथा वितरण गरिरहेको भेटिएपछि कारबाही प्रक्रिया अघि बढाइएको औषधी व्यवस्था विभाग वीरगञ्ज शाखाले जनाएको छ ।

रौतहटको बौधीमाई नगरपालिकाको कोपवा क्षेत्रमा सञ्चालित २ वटा औषधि पसल पनि अनुगमनका क्रममा नियम विपरीत सञ्चालन भएको पाइएपछि शिलबन्दी गरिएको छ । अनुगमन टोलीका अनुसार, ती पसलहरू दर्ता प्रक्रिया पूरा नगरी सञ्चालनमा रहेका थिए ।

तीन दिनभित्र गरिएको अनुगमनमा करिब २ दर्जनभन्दा बढी औषधि पसल हरूको अनुगमन गरिएको छ । औषधि पसल सञ्चालनका लागि आवश्यक कागजात तथा नियम पूरा नगर्नेहरूलाई औषधि ऐन २०३५ अनुसार कडा कारबाही गरिने औषधि व्यवस्था विभाग शाखा कार्यालय वीरगञ्जका प्रमुख अरविन्द बानियाले बताए ।

औषधि पसलहरू नियमसंगत सञ्चालन गराउने उद्देश्यले औषधी व्यवस्था विभागले बेला-बेलामा अनुगमन गर्दै आएको छ । पछिल्लो समय बिना दर्ता औषधि पसल सञ्चालन गर्ने, अवैध औषधि बिक्री गर्ने र म्याद गुज्रिएका औषधि बिक्री गर्ने प्रवृत्ति बढ्दै गएकाले अनुगमनलाई थप कडाइ गरिएको छ ।

औषधि पसल सञ्चालन गर्दा सरकारले तोकेको नियमअनुसार अनुमति लिनुपर्ने, दर्ता प्रमाणपत्र अद्यावधिक गर्नुपर्ने, तथा प्रशिक्षित फार्मासिस्टको उपस्थितिमा मात्र औषधी बिक्री गर्नुपर्ने कानुनी प्रावधान रहेको छ । तर, धेरै पसलहरू यी नियम मिचेर सञ्चालनमा आएको पाइएको छ ।

औषधि ऐन २०३५ को उल्लंघन गर्नेहरूलाई विभागले कडा कारबाही गर्ने चेतावनी दिएको छ । प्रमुख बानियाका अनुसार, नियमविपरीत सञ्चालित औषधि पसलहरूमाथि सिधै मुद्दा दर्ता गर्ने, पसलमा शिलबन्दी गर्ने, जरिवाना लगाउने तथा कानुनी प्रक्रिया अघि बढाउने कार्य भइरहेको छ ।

औषधि व्यवस्था विभाग वीरगञ्ज शाखाले आगामी दिनमा पनि नियमित रूपमा अनुगमनलाई निरन्तरता दिने बताएको छ । अवैध रूपमा सञ्चालनमा रहेका औषधि पसलहरू पहिचान गर्न सर्वसाधारण तथा सम्बन्धित निकायहरूलाई विभागसँग सहकार्य गर्न समेत आग्रह गरिएको छ ।

# मौलापुरमा विशेष सांकृतिक कार्यक्रममा दर्शक झुमे

**सञ्जय मिश्रा**

रौतहट । रौतहटको मौलापुर स्थित मधानी महोत्सवको अवसरमा आयोजित विशेष सांस्कृतिक कार्यक्रममा नेपाली र भारतीय कलाकारहरुको प्रस्तुतिले लाखौं दर्शकलाई मन्त्रमुग्ध बनाउन सफल भएको छ ।

जिल्लाको मौलापुर पतौराधाम स्थित धार्मिक, सांस्कृतिक, पर्यटकीय एवं ऐतिहासिक पुरातात्विक महादेव मन्दिरमा आयोजित मधानी महायज्ञको चौथो दिन बुधवार मधानी विशेष सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो ।

भारतका भोजपुरी फिल्मका नायक गायक तथा नेपालको चर्चित कलाकारहरुको प्रस्तुति हेर्न लाखौं दर्शकको घुँइचो लागेको थियो ।

नेपालको कैयौं जिल्लाका साथै भारतीय सीमाक्षेत्रका हजारौं दर्शनार्थीहरु पुरातात्विक महादेव मन्दिरमा दर्शन गरी विशेष सांस्कृतिक कार्यक्रममा सहभागी भएका थिए ।

सांस्कृतिक कार्यक्रममा भोजपुरी सिने जगतका लेखक, निर्माता तथा पूर्वमन्त्री बिनय बिहारी, 'डायरी अफ मणिपुर' फिल्मका निर्देशक सनोज मिश्र, भोजपुरीका चर्चित गायक एवं अभिनेता रितेश पाण्डेको विशेष प्रस्तुती रहेको थियो ।



उनीसंगै भारत प्रयागराज महाकुम्भ मेलाका भाईरल गर्ल मोनालिसा, भोजपुरीया कलाकार मिन्टुवा, नेपाली भोजपुरी गायक सुनील पंडित गायिका अनु चौधरी, गायक गौरभनारायण राई, सदाम हुसेन, कलाकार रचना सिवाकोटी गायक रुद्र नारायण तिवारी, कलाकार प्रीति आर्या पासवान, कलाकार, प्रिया सुहानी, कलाकार रोसनी राज, कलाकार, कलाकार सरिता साह, अर्जुन बीसी, मनीषा राई सहितका राष्ट्रिय एवं अन्तरष्ट्रिय कलाकारहरुको समेत विशेष प्रस्तुती रहेको थियो ।

कार्यक्रममा सहभागी सम्पूर्ण कलाकारहरु लाई आमजनता पार्टीका अध्यक्ष पूर्वमन्त्री प्रभु साह र मेयर रिना कुमारि साहले सम्मान गरेका थिए ।

गत आइतबारदेखि सुरुभएको मधानी महोत्सवको अन्तिम दिन भोलि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहलवानहरुको सहभागितामा बिशेष दंगल कुस्ती हुने आयोजकले जनाएको छ ।

पहिलो दिन ११ फागुनमा बिभिन्न विद्यालयका विद्यार्थीहरुले शिक्षा/साक्षारत केन्द्रीत सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । १२ गते भगवान शिवको बरात यात्रा निष्केको थियो भने १३ गते शिवमन्दिरमा विशेष पुजा र शिवमण्डलीका बीचमा नै प्रतिस्पर्धा भएको थियो । यसरी लाखौंको सहभागितामा हुनेगरेको कार्यक्रमले भारत नेपाल दुबै देशको सम्बन्ध अझै बलियो बनाउँने मेयर रिना कुमारी साहले विश्वास ब्यक्त गरेकी छिन् ।

प्रत्येक वर्ष महा शिवरात्रीको अवसरमा भगवान शिव पार्वतीकोको विवाह उत्सवको रुपमा मनाईने मधानी महायज्ञले धर्म, संस्कृतिको संरक्षण समेत हुने गरेको मेयर साहले जनाएकी छन् ।

मौलापुर नगरपालिका पतौराधाम स्थित धार्मिक, सांस्कृतिक, पर्यटकीय एवं ऐतिहासिक पुरातात्विक महादेव मन्दिरलाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउने संकल्प सहित २०७६ साल देखि मधानी महायज्ञ आयोजना हुँदै आएको छ ।




# जनकपुर अन्तर्राष्ट्रिय फिल्म महोत्सव हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुर अन्तर र्ष्ट्रिय फिल्म महोत्सवको तयारी पूरा भएको आयोजकले जनाएको छ । जनकपुरधाममा बुधवार पत्रकार सम्मेलनममार्फत महोत्सवको तयारी पूरा भएको आयोजकले जनाएको छ ।

फिल्म साक्षरताको प्रवर्द्धन गर्नु, विभिन्न चलचित्रहरु प्रदर्शन गर्दै कार्यशाला तथा मास्टर क्लासहरु मार्फत चलचित्रलाई एक शक्तिशाली माध्ययमको रुपमा अवगत गराउने, नेपाली युवालाई प्रेरणा र अवसर दिने तथा फिल्म निर्माता एवम् कलाकारबीच अनुभव आदानप्रदानको अवसर सृजना गर्ने उद्देश्यका साथ सम्मेलन गर्न लागेको महोत्सव आयोजकले जनाएको छ ।




महोत्सवमा विभिन्न १ सय ४४ भन्दा बढी देशका चलचित्रकर्मीहरुद्वारा तीन हजार पाँच सय भन्दा बढी आवेदन प्राप्त भएको उनले जानकारी दिए । अध्यक्ष भास्करका अनुसार महोत्सवकालागि १० विधाबाट चयन भएका कुल ७८ वटा फिल्म प्रदर्शन गरिनेछ । प्रत्येक विधामा सर्वोत्कृष्ट हुनेलाई पुरस्कृत गरिने जनाइएको छ ।

मैथिली विकास कोषको सभा भवनमा सो सम्मेलन फागुन १६ गते देखि १८ गते सम्म आयोजना हुन लागेको छ ।

**लागुऔषध प्रयोग नगरौं**

**लागुऔषधको सेवनले,**

- मानिषको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर गर्छ,
- परिवार, साथीभाई र आफन्तसंग सम्बन्ध बिग्रन सक्छ,
- सामाजिक सम्मानमा गिरावट ल्याउँछ,
- सामाजिक अपराध र विकृति बढ्छन्,

**त्यसैले,**

**लागुऔषधको उत्पादन र सञ्चय, ओसारपसार बिक्रीवितरण तथा सेवन नगरौं र गर्न नदिऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८